म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १८२ सोमबार, ४ फागुन २०८२ ने. सं. ११४६ सिल्लागा 16 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**

*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर फेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन

९८४५०२२६५५

## बागमती प्रदेशमा चेपाङ आवासको मोडालिटी फेरिँदै

# जीविकोपार्जनसहितको घर बनाउन स्थानीय तहसँग सहकार्य गरिने

सञ्जीव रसाईंली

हेटौंडा, ३ फागुन/कुनै समय जंगलको कन्दमूल र ओडारको बास नै चेपाङ समुदायको जीवनचक्र थियो । आर्थिक वर्ष २०६६/६७ मा सुरु भएको 'जनता आवास कार्यक्रम'ले पुस्तौंदेखि असुरक्षित झुपडीमा बस्दै आएका चेपाङ परिवारलाई जस्तापाताको छानामुनि राख्न थालियो ।

राज्य पुनर्संरचनापछि बागमती प्रदेश सरकारले वि.सं. २०७७ देखि 'एकीकृत बस्ती विकास कार्यक्रम' ल्याएर समेट्ने प्रयास गर्यो । आव २०७९/८० देखि संघीय विशेष अनुदानमार्फत् 'चेपाङ, वनकरिया, माझी र बोटे एकीकृत बस्ती विकास तथा आवास निर्माण' गर्दै आएको छ । उनीहरुको गरिबीको व्यथा भने उस्तै रह्यो । विगतका आवास कार्यक्रमले घर दियो तर, जीविकोपार्जन दिएन । आवास निर्माणपछि भुक्तानी सास्ती छदैंछ । यही कमजोरीलाई सच्याउँदै बागमती प्रदेश सरकारले अब चेपाङ आवास कार्यक्रमको जिम्मेवारी स्थानीय तहलाई दिने र आवासलाई प्रत्यक्षरुपमा आयआर्जनसँग जोड्ने निष्कर्षमा पुगेको छ ।



अब यो कार्यक्रम भवन निर्माणमा मात्र सीमित नभई उत्पादन र आयआर्जनको माध्यम बन्नुपर्नेमा जोड दिदै बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले स्थानीय तहका जनप्रतिनिधि, नेपाल चेपाङ संघ र सरोकारवालासँग छलफल गरेका छन् । मन्त्रालयको नयाँ योजना छलफलका क्रममा मन्त्री डा. देवकोटाले विगतमा केन्द्रिकृत रहेको अधिकार अब स्थानीय तहमै हस्तान्तरण गरिने बताए । 'हिजो केन्द्रले अधिकार समाएर बस्यो, पछि प्रदेशमा आयो । अब हामी घर बनाउने जिम्मा स्थानीय सरकारलाई नै दिने तयारीमा छौं,' मन्त्री देवकोटाले भने ।

नयाँ मोडालिटी अनुसार, प्रदेश सरकारले निश्चित प्रतिशत अनुदान उपलब्ध गराउने र बाँकी लागत सहभागिता रकम स्थानीय तहले बेहोर्ने गरी साझेदारी मोडल तयार गरिँदैछ । 'स्थानीय तहले व्यहोर्ने गरी जाँदा स्थानीय सरकारको अपनत्व हुन्छ । यसले घर निर्माणसँगै उनीहरुको रोजगारी र आयआर्जनको जिम्मा लिन स्थानीय तहलाई सजिलो हुन्छ,' मन्त्री देवकोटाले भने । उनकाअनुसार, आगामी फागुन-चैतसम्म कानुनी सुधारलाई अन्तिमरुप दिएर पालिकाहरुबाट माग संकलन गरिनेछ, ताकि आउँदो बजेटमा सोहीअनुसार रकम विनियोजन गर्न सकियोस् । पुल्चोक इन्जिनियरिङ क्याम्पसका विद्यार्थीले तयार पारेको डिजाइन र अनुसन्धानलाई आधार मानेर बस्ती विकास गर्न सकिने उनको भनाइ थियो ।

**सरोकारवालाको एकमत**

आवास निर्माणमा सीमित नराखी जीविकोपार्जनसँग जोड्नुपर्ने र स्पष्ट कार्यविधि तयार पारेर स्थानीय तहले अपनत्व लिन सरोकारवालाको एकमत छन् । नेपाल चेपाङ संघका अध्यक्ष गोविन्दराम चेपाङले पहुँचवाला र पक्की घर हुनेले दोहोरो सुविधा लिँदा वास्तविक गरिब अझै ओडारमै रहेको गुनासो गरे । मन्त्री र सचिव फेरिएपिच्छे कार्यविधि फेर्ने प्रवृत्ति अन्त्य गर्दै कम्तिमा ३ वर्षे योजना बनाएर स्थानीय तह र संघको समन्वयमा वास्तविक लाभग्राही छनोट गर्नुपर्ने उनको सुझाव थियो ।

छलफलमा माडी नगर पालिका मेयर ताराकुमारी काजी महतोले आवासलाई उत्पादनसँग जोड्न घरको डिजाइनमै परिवर्तन गर्नुपर्ने बताइन् । माडीको अनुभव सुनाउँदै मेयर महतोले भनिन्, 'हामीले जंगलबाट बस्तीमा ल्याएका चेपाङ परिवारलाई सुरुमा पेसा परिवर्तन गर्न गाह्रो भयो । अहिले हामीले बिस्तारै उहाँहरुलाई बाख्रापालन र लोकल कुखुरा पालनमा जोडेका छौं । अब प्रदेश सरकारले आवास बनाउँदा खोरसुधार र पशुपालनका लागि पनि बजेटको व्यवस्था गरि दिनुपर्छ ।' राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले भौगोलिक अवस्था र चेपाङको परम्परागत सीपअनुसारको आयआर्जन कार्यक्रम लागू गर्नुपर्ने बताए ।

'भित्तामा घरमात्र बनाइ दिएर हुँदैन, उनीहरुले के खाएर बाँच्ने ?' अध्यक्ष मल्लले भने, 'अब घर हस्तान्तरण गर्दा उनीहरुलाई बाख्राका पाठा, स्थानीय कुखुरा, तरकारीको बीउ वा सीपमूलक तालिम पनि प्याकेजमै दिनुपर्छ ।' प्रदेशले बजेट बन्नु अगाडि नै स्पष्ट कार्यविधि पठाए बजेटबाटै २० देखि ३० प्रतिशत रकम विनियोजन गर्न सक्ने बताए । छलफलको निष्कर्ष सुनाउँदै मन्त्रालयका सचिव ईश्वर चन्द्र मरहठ्ठाले विगतका कमजोरीबाट पाठ सिकेर कार्यविधि सुधार गर्ने प्रतिबद्धता जनाए । 'अब ५ वर्षभित्र यो कार्यक्रम सकाउने लक्ष्य राखेर जान सकिन्छ,' उनले भने, 'यसका लागि स्थानीय तहबाट विश्वसनीय र यथार्थपरक तथ्यांक छिटो प्राप्त हुनुपर्छ ।'

मन्त्रालयका सहरी विकास तथा भवन महाशाखा प्रमुख इन्जिनियर भूपेन्द्रकुमार यादवका अनुसार आवास निर्माणका लागि मन्त्रालयले एकघरका लागि ४ लाख उपलब्ध गराउँदै आएको छ । सम्झौतापश्चात पहिलो किस्ता २० प्रतिशत, दोस्रो सिललेवल तयारपछि ६० प्रतिशत र छाना छाएपछि २० प्रतिशत गरी जिल्लाको सहरी विकास तथा भवन कार्यालयबाट भूक्तानी दिदै आएको छ ।

प्रदेश सरकारले पछिल्लो तीन वर्षमा ३५ करोडको लागतमा मकवानपुर, चितवन र धादिङमा ४१२ वटा घर निर्माण गरी हस्तान्तरण गरिसकेको महाखाशा प्रमुख यादवले जानकारी दिए ।

यादवका अनुसार चालु आर्थिक वर्षमा सिन्धुली जिल्ला थप गरी कुल ३ करोड ७८ लाख विनियोजित बजेटबाट ९४ घर बनाउने लक्ष्य राखिएकोमा २२ वटा सम्पन्न भइसकेका छन् । छलफलमा पुल्चोक क्याम्पसका विद्यार्थीहरु मनोज थापा, नयम श्रेष्ठ, नीराजन राई र आयूष पौडेलले माडी नगरपालिकामा पुगेर तयार पारेको चेपाङ समुदायको जीविकोपार्जन र आवाससम्बन्धी अध्ययन प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा बागमती प्रदेशका पूर्वराज्यमन्त्री सन्तबहादुर चेपाङ, कैलाश गाउँपालिका अध्यक्ष लोक बहादुर मोक्तान, बेनीघाटरोराङ-२ का वडाध्यक्ष हेमराज भुजेल, नेपाल चेपाङ संघका पदाधिकारीलगायतको उपस्थिति रहेको थियो ।

## प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण अनुदान कटौती

# बजेट कटौती गरिएको भन्दै स्थानीय तहले गरे विरोध




साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/चालु आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक समीक्षा अवधिसम्म सरकारले लक्ष्यअनुसार राजस्व संकलन गर्न नसकेपछि प्रदेश र स्थानीय तहमा जाने वित्तीय समानीकरण शीर्षकको अनुदान कटौती गरेको छ ।

महालेखा नियन्त्रक कार्यालयले गत माघ २७ गते सबै कोष तथा लेखानियन्त्रक कार्यालयलाई परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको तेस्रो किस्ताबापतको रकम कटौती गर्न भनेको हो । अर्थ मन्त्रालयले गत साउनमा नै चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि ९५ बुँदे मार्गदर्शन जारी गर्दै वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा पहिलो र दोस्रो किस्ता सुरु अनुमानबमोजिम र तेस्रो किस्ता पुस मसान्तको राजस्व लक्ष्य तथा संकलनको अनुपातका आधारमा भुक्तानी गरिने जनाएको थियो ।

'पुस मसान्तसम्म लक्ष्यको तुलनामा ८१ दशमलव ७५ प्रतिशत मात्र राजस्व संकलन भएको र सोही अनुपातमा प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न अर्थ मन्त्रालयबाट लेखिआएको छ,' महालेखा नियन्त्रक कार्यालयको परिपत्रमा भनिएको छ, 'जसअनुसार तेस्रो त्रैमासिक किस्तावापत हुने २५ प्रतिशतमध्ये २० दशमलव ४३ प्रतिशत अर्थात् कूल स्वीकृत वार्षिक बजेटमध्ये तेस्रो किस्तासम्मको ७० दशमलव ४३ प्रतिशतमा नबढ्ने गरी प्रदेश तथा स्थानीय तहमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्नु गराउन हुन यस कार्यालयको २०८२ माघ २७ गतेको निर्णयानुसार अनुरोध छ ।'

चौथो किस्ता चैतसम्मको राजस्वको लक्ष्य तथा संकलनको अनुपातका आधारमा पुन:निर्धारण गरी हस्तान्तरण गरिने मार्गदर्शनमा उल्लेख छ । अर्थ मन्त्रालयका अनुसार यसवर्ष सरकारले १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख रुपैयाँ कूल आम्दानी गर्ने लक्ष्य राखेकामा पुससम्मको प्राप्ति भने ५ खर्ब ८८ अर्ब ५१ करोड ४२ लाख अर्थात् वार्षिक लक्ष्यको ३८ दशमलव ३८ प्रतिशत मात्रै छ । यसरी लक्ष्यभन्दा कम राजस्व उठेपछि प्रदेश र स्थानीय तहमा जाने अनुदान कटौती गरिएको हो । गत आर्थिक वर्षमा पनि सरकारले यस्तो अनुदान कटौती गरेको थियो भने प्रदेश र स्थानीय तहहरुले ठेक्का लागिसकेका र काम अघि बढिसकेका योजना तथा कार्यक्रमको बजेट कटौती भएको भन्दै असन्तुष्टि पोखेका थिए ।

अघिल्लो वर्ष महालेखा नियन्त्रक कार्यालयले २०८१ माघ २९ मा सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई पत्र पठाउँदै तेस्रो किस्ताबापतको वित्तीय समानीकरण अनुदानमा २५ प्रतिशतमध्ये १३ दशमलव २४ प्रतिशत अर्थात् वार्षिक बजेटको ६३ दशमलव २४ प्रतिशत नबढ्ने गरी बजेट निकासा गर्न भनेको थियो । तर, प्रदेश तथा स्थानीय तहको चर्को विरोधपछि महालेखा नियन्त्रक कार्यालयले त्यसलाई संशोधन गरेर २०८१ फागुन १३ गते अर्को परिपत्र गर्दै वित्तीय समानीकरण अनुदानको तेस्रो किस्तावापतको भुक्तानी हुने रकम केही बढाएको थियो ।

**बजेट कटौती गरिएको भन्दै स्थानीय तहले गरे विरोध**

यता संघीय सरकारले देशभरका स्थानीय सरकारको वित्तीय समानीकरणको अनुदान कटौती गर्ने निर्णय गरेको भन्दै त्यसको विरोध गरेका छन् । गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल र नेपाल नगरपालिका संघले आइतबार संयुक्त विज्ञप्ति निकालेर करिब पाँच प्रतिशत रकम कटौतीको निर्णय भएको भन्दै विरोध गरेका हुन् ।

उनीहरुका अनुसार, यो आर्थिक वर्षमा समानीकरण अनुदानमा स्थानीय सरकारमा निकासा हुनुपर्ने तेस्रो किस्तावको बजेट कटौती भएको हो । तेस्रो किस्तामा २५ प्रतिशत रकम निकासा हुनपर्नेमा २० दशमलक ४३ प्रतिशत रकम निकासा हुने अवस्था आएको उनीहरुको दावी छ । सरकारले गरेको प्रतिवद्धता एवं अर्थमन्त्रीले पटकपटक गरेको बाचा विपरित अनुदान कटौतीको निर्णयले आफूहरुलाई दु:खी बनाएको भन्दै देशभरको गाउँपालिका र नगर पालिकाका छाता संगठनले संयुक्तरुपमा विरोध गरेका हुन् ।

निर्वाचन सम्पन्न गर्ने सीमित कार्यादेश सहित गठन भएको सरकारले संसदबाट स्वीकृत बजेट कटौती गर्नु गलत हुने भन्दै उनीहरुले निर्वाचन आचारसंहिता लागू भइसकेपछि भएको निर्णयलाई अव्यवहारिक र संघीयता प्रतिकूलको भनी टिप्पणी गरेका छन् । भदौ २३ र २४ को घटनाले कैयौ स्थानीय तहका भौतिक संरचनामा क्षति पुगेको भन्दै स्थानीय सरकारले थप अनुदान उपलब्ध गराउन अनुरोध गरेका थिए । थप अनुदान उपलब्ध गराउनुपर्नेमा समानीकरणको अनुदान समेत कटौती गर्नुले बित्तीय संघीयता कार्यान्वयनप्रति सरकारको प्रतिबद्धतामा प्रश्न उठेको उनीहरुको दावी छ । उनीहरुले खर्च कटौतीको निर्णय पुनर्विचार नगरे चरणवद्ध आन्दोलन गर्ने चेतावनी दिएका छन् ।




# सुशासनयुक्त नेपाल निर्माण कांग्रेसको संकल्प: *कांग्रेस नेतृ डीना*




साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/नेपाली कांग्रेसका निवर्तमान सहमहामन्त्री एवं मकवानपुर क्षेत्र नम्बर १ का उम्मेदवार महालक्ष्मी उपाध्याय डीनाले जनताबाट अनुमोदन भएर जनताकै हितमा काम गर्ने प्रतिबद्धता जनाएकी छिन् ।

'जनताले कांग्रेसप्रति विश्वास गरिरहेका छन् । मतदाताकोमा जाँदा त्यो खालको माया पाइरहेका छौं', उनले भनिन् 'यहाँको समस्या समाधानसहित जनताकै बीचमा बसेर पाँचवर्ष काम गर्नेछु । जिताएर त्यो अवसर प्रदान गरिदिनुहुनका लागि आग्रह गर्दछु ।' कांग्रेस हेटौंडा-४ समितिले आयोजना गरेको कार्यक्रममा उनले सांसद् बन्नकै लागि मात्र निर्वाचनमा भाग लिन नआएको बताइन् । उनले सम्मून्नत नेपाल निर्माणको संकल्प लिएर कांग्रेस निर्वाचनमा आएको भन्दै उनले सुशासनयुक्त र सम्मूनत नेपाल निर्माण कांग्रेसको संकल्प भएको बताइन् ।

उनले आफू जितेर गए पछि संविधानमा महिला, युवा, आदिवासी जनजातिलगायत समुदायको पक्षमा लेखिएका सवाललाई कार्यान्वयन गर्न लाग्ने बताइन् । 'आज कांग्रेसको निर्णयले मुलुक निर्वाचनमा होमिएको छ । अघिल्लोपटक गठबन्धनको मत जोडेर ढुक्क भएर बस्नाले चुनावमा पराजित भए', उनले भनिन् 'यो पटक फेरिएको कांग्रेसका बदलिएका नेताहरु हामी एक भएर मकवानपुरमा चुनाव जित्ने र भिजन भएका युवा नेता गगन थापालाई प्रधानमन्त्री बनाउने गरी आएका छौं ।' जिल्लाको विकास र जनताका चाहना पूरा गर्नका लागि निरन्तर लागिपरेको भन्दै उनले जिताएर पठाएपछि नीति निर्माणसँगै नागरिकको सेवामा लाग्ने प्रतिबद्धता जनाइन् ।

कार्यक्रममा कांग्रेसका समानुपातिकतर्फका उम्मेदवारहरु शर्मिला श्रेष्ठ, पवित्रा विश्वकर्मा लगायतका नेताको आतिथ्यता रहेको थियो ।

# अन्तिम संस्कार सहयोग समितिको भेला



साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/हेटौंडा-७ न्यूरेनीमा रहेको अन्तिम संस्कार सहयोग समितिको १७ औं वार्षिक साधारणसभा आइतवार सम्पन्न भएको छ ।

साधारणसभामा समितिका अध्यक्ष ध्रुवराज शर्माले संस्थागत प्रतिवेदन र सदस्य दीपक मैनालीले आर्थिक प्रतिवेदन पेश गरेका थिए । साधारणसभाले पुन शर्माको अध्यक्षतामा नयाँकार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा नवराज पौडेल, सचिवमा प्रल्हाद शर्मा आचार्य, कोषाध्यक्षमा देवकी तिवारी चयन भएका छन् । सदस्यहरुमा बलराम अर्याल, गुप्तप्रसाद पौडेल, कविता कँडेल, दीपक मैनाली, ज्ञानेन्द्र अर्याल चयन भएका छन् ।

समितिका अध्यक्ष शर्माको अध्यक्षतामा भएको साधारणसभामा न्यूरेनी चिसापानी सामुदायिक वनका अध्यक्ष प्रकाश कार्की, संगालो टोल विकास संस्था अध्यक्ष जिव कुमारी पौडेल, शिक्षाविद् बद्रीबहादुर पाठक लगायतको उपस्थिति रहेको थियो । साधारणसभाले हेटौंडा-७ न्यूरेनी कुनामा वनदेवी मन्दिर, पिकनिक सेड निर्माण र बालउद्यान निर्माण गर्ने निर्णय गरेको उपाध्यक्ष पौडेलले बताए ।

साझाकुरा

## हाम्रो कुरा

# सवारीका रेकर्ड डिजिटाइजेसन

बागमती प्रदेश सरकारले यातायात व्यवस्था कार्यालयमा रहेका २३ लाख सवारी साधनका ढड्डा, फाइल तथा अन्य दस्तावेज डिजिटाइजेसन सुरु गरेको एक वर्ष पूरा भएको छ । यातायात ब्यवस्था कार्यालयमा सवारीसाधनको रेकर्ड लथालिङ्ग भएका कारण हजारौं सवारीधनीले दु:ख पाएको गुनासो आएपछि एकसाथ सयजना डाटा इन्ट्रीकर्ता खटाई डिजिटाइजेसनको प्रक्रिया सुरु गरेको थियो । सवारीधनीलाई आफ्ना सक्कल फाइल यातायात कार्यालयमा बुझाउन पनि प्रदेश सरकारले सूचना जारी गरेको थियो । सवारीसाधनको तथ्यांक सरकारी रेकर्डमा अद्यावधिक हुन नसकेका कारण धेरै सवारीधनीले दु:ख पाएको गुनासो आएको थियो । यातायात व्यवस्था कार्यालय, मोटरसाइकल गुर्जुधाराले लट नम्बर १ देखि ५५ सम्मका सवारीधनीलाई आफ्ना सक्कल फाइल पहिलोचरणमा गरेको हो । कार्यालयमा दर्ता भएका दुईपांग्रे सवारीसाधनको विवरण डिजिटाइजेसनका लागि फाइल मागेर काम सुरु गरेको थियो । यातायात व्यवस्था कार्यालय साना-ठूला सवारी एकान्तकुना, यातायात व्यवस्था कार्यालय भरतपुर (चितवन) र हेटौंडाले पनि फाइल व्यवस्थापनका लागि पहल गरेका थिए । बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले पहिलोचरणमा एकान्तकुना, गुर्जुधारा, हेटौंडा र भरतपुरमा डाटा इन्ट्रीको काम सकाउने र त्यसपछि बनेपा र खुर्कोटको यातायात व्यवस्था कार्यालयमा टिम परिचालन गरिने जानकारी दिइएको थियो ।

मन्त्रालयले डिजिटाइजेसनको कार्यक्रममा सवारीसाधनको डाटा ईन्ट्री गर्ने प्रयोजनका लागि करारमा लिइएका कर्मचारीलाई करिव दुइसाता अघिदेखि अभिमुखीकरण गरिएको थियो । सवारीधनीले आफ्नो सक्कल फाइल यातायात कार्यालयमा बुझाउनुपर्ने र सम्बन्धित कार्यालय प्रमुखलाई फाइल व्यवस्थापनको जिम्मेवारी दिइएको मन्त्रालयले बताएको छ । डिजिटाइजेसनका लागि ५० वटा डेस्कटप र ५० वटा मोवाइल फोनको व्यवस्था गरिएको थियो । हाल नयाँ-पुराना ढड्डाहरुमा थन्केर रहेका सवारीसम्बन्धी विवरणलाई डिजिटल फर्म्याटमा उतारेपछि सेवाग्राहीले सवारीकर तिर्न यातायात कार्यालय धाउनु नपर्ने मन्त्रालयको निष्कर्ष थियो । सवारी दर्ता, नवीकरण, नामसारीलगायत काम अनलाइन प्रणालीबाटै गर्न मिल्ने व्यवस्था बनाउन लागेको हो । ब्लुबुक प्रमाणीकरणका लागि कार्यालय आइरहनु नपर्ने गरी काम अगाडि बढाइएको हो । सवारीसाधनको कर तथा नवीकरणको 'हिस्ट्री' लाई डिजिटल प्रणालीमा अद्यावधिक गरिने भएको छ । अहिले सवारीधनीले कहिले कुन प्रदेश त कहिले कुन प्रदेशमा कर तिरिरहेकाले कार्यालयहरुलाई 'अटोमेसन'मा लैजान कठिनाइ भएको बताइएको थियो । मन्त्रालयले हाल प्रयोगमा ल्याएको ट्रान्सपोर्ट म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (टीएमआईएस) कै मोवाइल एपलाई विकसित गरेर अनलाइन सेवा उपलब्ध गराउने तयारी भएको थियो । ब्लुबुकलाई हालको पेपर-बेस्डबाट क्यूआर कार्ड बेस्ड प्रणालीमा परिणत गर्ने र अहिले नागरिक एपमा सवारीचालक अनुमतिपत्र इन्टिग्रेट गरेझैं ब्लुबुकलाई पनि एपमा समावेश गर्ने बताइएको थियो ।

यसले कागजात बोकेर हिँड्नुपर्ने झन्झट अन्त्य हुने अपेक्षा गरिएको थियो । बागमती प्रदेश सरकारले ६ महिनाभित्र १० लाख सवारीसाधनको फाइल डिजिटाइज गर्ने लक्ष्य लिएको थियो । बागमती प्रदेश सरकारले गत आर्थिक वर्षमा श्रम रोजगार तथा यातायात मन्त्रालयअन्तर्गत विभिन्न कार्यक्रमका लागि ७७ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो । प्रदेश सरकारले यातायात व्यवस्था कार्यालयलाई डिजिटलाइजेशन गर्ने, प्रदेशका विभिन्न स्थानमा विद्युतीय सवारी साधनका लागि चार्जिङ स्टेशन निर्माण, प्रदेशमा नै सवारीचालक अनुमतिपत्र छपाइको काम अघि बढाउने र यो कार्यका लागि छपाई मेसिन खरिद गर्न बजेट विनियोजन गरिएको बताइएको थियो । तर, हालसम्म भएका कामको प्रगतिबिवरण भने सार्वजनिक गरिएको छैन । सेवाग्राहीले झण्झटमुक्त सेवा भने पाउन नसकेको गुनासो आइरहेकै छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन ५ गते मंगलबार १७ फेब्रुअरी २०२६ । औंसी, फागुन कृष्णपक्ष । सिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:४२ सूर्यास्त ५:५५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यवसायबाट लाभ पाइने | **तुला** | : कुरा काट्नेहरु सक्रिय हुने |
| **वृष** | : जिम्मेवारी पूरा गर्न सकिने | **वृश्चिक** | : नयाँ काम हात पर्ने |
| **मिथुन** | : गलत विचार बढ्ने | **धनु** | : कार्यान्तरण हुन सक्ने |
| **कर्कट** | : काममा अबरोध आउने | **मकर** | : शुभ समाचार सुन्न पाइने |
| **सिंह** | : अधुरा काम पूरा हुने | **कुम्भ** | : अनावश्यक खर्च बढ्ने |
| **कन्या** | : घरेलु समस्याले सताउने | **मीन** | : भोजको अवसर मिल्ने |

# साधना हेल्थ र महानगर दैनिक फेरि ब्यूँताऔं



प्रा.डा. सुमनराज ताम्राकार

चालीसको दशकको मध्यताकासम्म नेपालमा पञ्चायती व्यवस्था कायम थियो, दलहरू प्रतिबन्धित अवस्थामा थिए । त्यो बेलामा सञ्चारमाध्यम सीमित थिए नै, स्वाभाविक तवरमा एकदमै नियन्त्रित अवस्थामा पनि थिए । मनोरञ्जनको नाममा रेडियो नेपाल र नेपाल सरकारबाट प्रकाशित हुने ब्रोडसिट गोरखापत्र एवं द राइजिङ नेपाल मात्रै थिए भन्दा हुन्थ्यो । निजी तवरबाट सीमित मात्रामा साप्ताहिक पत्रपत्रिका त थिए तर समाचार सम्प्रेषण एकदमै नियन्त्रित हुन्थ्यो । मलाई लाग्छ, त्यस बेला निजी तवरबाट प्रकाशित गर्ने पत्रपत्रिकाहरुका प्रकाशक एवं सम्पादक त्यस बेलाका सीडीओ कार्यालय वा अञ्चलाधीशको कार्यालय नधाएका शायदै होलान् ।

मनोरञ्जनका नाममा हलमै गएर चलचित्र हेर्नुको विकल्प थिएन । त्यस बेला सरकारी तवरबाट शाही नेपाल चलचित्र संस्थानद्वारा वर्षमा एक-दुईवटा मात्रै नेपाली चलचित्र निर्माण हुने गर्थे । निजी स्तरबाट घोषणा गरेभन्दा निकै कम सिनेमा निर्माण सम्पन्न गर्न सक्षम हुन्थे । भन्नुको तात्पर्य त्यस बेला नेपालमा बनेका चलचित्रहरु औंलामै गन्न सकिने अवस्थामा थिए । यस्तो विषम परिस्थितिमा र प्रतिकूल राजनीतिक वातावरणमा ठूलै आँट गेरर पुष्कर लाल श्रेष्ठको पहलमा २०४१ सालमा कामना सिने मासिक प्रकाशनमा आयो । शुरुवाती अंकदेखि नै क्रिकेटको भाषामा छक्कामाथि छक्का हान्न सफल भयो, कामना सिने मासिकले । एकाध समयबाहेक जतिसुकै कठिन समयमा पनि महिनाको शुरुतिर नै कामना सिने मासिक बजारमा आउँथ्यो ।

सीमित चलचित्रहरू निर्माण हुने एवं नगण्य सांगीतिक गतिविधिहरु हुने समयमा पनि पुष्करलाल श्रेष्ठको टोलीले मेहनत गरी कामनामा गतिला खुराकहरु पस्कन्थे । कुनै पनि बेला कामना सिने मासिक साधारण खालको छँदै थिएन । शुरुको अंकदेखि नै साजसज्जामा उत्तिकै मेहनत गरेको देखिन्थ्यो । यसको श्रेय अशोकमान सिंहलाई पनि जान्छ । मलाई लाग्छ, अहिले पनि नेपाल समाचारपत्र दैनिकको मुख्य लोगो अशोकमान सिंहद्वारा नै डिजाइन गरिएको कायम छ ।

नियमित तवरमा पत्रिका प्रकाशन गर्न कठिन थियो । त्यसमाथि चलचित्रसम्बन्धी पत्रिका प्रकाशनका लागि बजारमा यथेष्ट मरमसला हुन्थेन । तर पनि पुष्करलालको मेहनतले चलचित्र, संगीत, नाटक, खेलकुद आदि क्षेत्रका व्यक्तित्व, गतिविधि, अन्तर्वार्ता, प्रतियोगिताहरु समेटेर कामना सिने मासिक निस्कने गर्दथ्यो । यसमा नेपाली चलचित्र, संगीत एवं मनोरञ्जन क्षेत्रका सिद्धहस्त व्यक्तित्वहरूको जीवनी निकै मेहनत गरी पठनीय बनाएर छापिन्थ्यो । त्यो बेला नेपाली मनोरञ्जन क्षेत्रमा प्रवेश गर्ने वा स्थापित भइसकेका चलचित्रकर्मीहरुले कामना सिने मासिकमा स्थान पाउनु निकै प्रतिष्ठाको विषय हुन्थ्यो । त्यसमाथि अन्तर्वार्ता वा मध्यपृष्ठको ब्लोअपमा फोटो छापिनु निकै गर्वको विषय हुन्थ्यो । कामना सिने मासिकको अत्यधिक सफलतापछि कामना प्रकाशन समूहबाट खोज एवं अनुसन्धानमूलक फिचर लेखहरू समेटेर साधना प्रकाशन हुन थाल्यो । त्यति बेला साधनामा निकै पृथक एवं गहकिला विषयवस्तु प्रकाशित हुन्थे । कालान्तरमा आवश्यकताअनुसार स्वास्थ्य क्षेत्रलाई बढी प्राथमिकता दिइयो । अर्थात् साधना मासिकलाई पारिवारिक स्वास्थ्य खुराक बनाइयो ।

कामना र साधनाको बेजोड सफलता पछि मध्याह्न १२ बजेसम्ममा प्रकाशित हुने गरी तातो-तातो खबर समेटेर महानगर दैनिक प्रकाशन हुन थाल्यो । जुन बेला सीमित मानिसको पहुँचमा मात्र टेबुलमै राख्ने खालको तारयुक्त टेलिफोनको सुविधा थियो भने हाते मोबाइल, कम्प्युटर, इन्टरनेट र केबल टेलिभिजन अकल्पनीय अवस्थामा थियो । स्थिति कतिसम्म थियो भने, भद्दा खालकै सही, नाममात्रको कम्प्युटरसँगै कलर अफसेट प्रेस भित्र्याउन पाउँदा पनि पुष्करलाल श्रेष्ठ कति फुरुङ्ग हुनुभएको थियो । त्यस बेला काठमाडौं महानगर भइसकेको थिएन । पुष्कर लाल श्रेष्ठको टोली कति दूरदर्शी थियो भने, कुनै दिन काठमाडौं अवश्य महानगर बन्नेछ भन्ने आँकलनले नै सन्ध्याकालीन महानगर नाम जुराएको हुनुपर्छ ।

एउटा सत्य कुरा के पोख्दै छु भने, कामना प्रकाशन समूहले कामना, साधना र महानगरलाई मात्र निरन्तरता दिइराखेको भए यति विघ्न मात्रामा आर्थिक समस्या खेप्नुपर्ने थिएन । भन्नुको तात्पर्य, शुरुमा आजको समाचार पत्र जसलाई पछि समाचारपत्र र अहिले नेपाल समाचारपत्र भनेर नामकरण गरियो, यही दैनिक समाचारपत्रकै कारणले कामना प्रकाशन समूहमा समस्या देखिन थाले । त्यसो त पुष्करलाल श्रेष्ठ नैतिकताको हिसाबले स्वच्छ व्यक्ति हुनुहुन्थ्यो, गलत उद्देश्यका लागि कसैसँग सम्झौता गर्ने खालको व्यक्ति हुनुहुन्नथ्यो । तर यसबीच कामना प्रकाशन समूहलाई उकास्ने नाममा विभिन्न स्वार्थ मिसिएका व्यवसायीहरुको प्रवेशले संस्थालाई निर न्तरता दिन कठिन हुँदै गयो ।

मैले यति धेरै लामो भूमिका बाँध्नुको कारण के थियो भने, कामना प्रकाशनको शुरुवातदेखिको एक शुभचिन्तक, नियमित पाठक एवं स्वस्थ आलोचक भएको नाताले यस संस्थाका गतिविधिहरू नजिकबाट नियालिरहेको छु । पुष्करलाल लपनछपन गर्ने व्यक्ति नभएको कारणले पनि संस्थामा आर्थिक समस्या हुन गयो । २०७२ को भूकम्प, सशस्त्र द्वन्द्वसहित निरन्तरको राजनीतिक अस्थिरता एवं पछिल्लो समयको कोभिड महामारीका कारण पनि नकारात्मक प्रभाव पर्‍यो ।

केही वर्षअघि पुष्करलालको अकल्पनीय निधनपश्चात् अहिले उहाँका छोरा दिरेकलाल श्रेष्ठले कामना प्रकाशनको बागडोर सम्हाल्दै आउनुभएको छ । अहिले नेपाल समाचार पत्र नियमितरूपमा प्रकाशन भइरहेको छ । कामना सिने मासिक पनि जसोतसो प्रकाशनमा आइरहेको छ । म कामना प्रकाशनको हितैषी एवं शुभचिन्तक भएको नाताले के अनुरोध गर्न चाहन्छु भने, कामना सिने मासिक र नेपाल समाचारपत्र दैनिकसँगै प्राथमिकताको आधारमा साधना मासिक र सन्ध्याकालनीन महानगर दैनिक पनि नियमित प्रकाशन हुनुपर्‍यो ।

विगतमा साधना पत्रिका ठूलो साइजमा निस्किएदेखि पेपर निकै गुणस्तरीय थियो । कामना मासिकको पेपर पनि त्यस्तै छ । मेरो सुझाव छ- यी पत्रिकामा प्रयोग गरिएका कागज यति बाक्लो आवश्यक छैन, निकै समयअगाडिको जस्तै अलि पातलो कागज भए पनि पत्रिकाचाहिँ नियमित गराउनु महत्वपूर्ण विषय हो । कागजको बाक्लोपना वा यसको गुणस्तर थोरै घटाउन सकिएको खण्डमा प्रकाशन खर्चमा कमी आउनुका साथै निरन्तरता दिन सहयोग हुनेछ भन्ने मलाई लाग्छ ।

हामी सबैलाई थाहा भएकै कुरा हो । मानवको चाहना समयको अन्तरालमा फेरिँदै जान्छ । म एउटा उदाहरण दिन्छु- कुनै बेला केटाहरुले लगाउने पाइन्ट बेलीबटम हुन्थ्यो, पछि बिस्तारै चुजी वा तल्लो भागको मोटाइ साँघुरो खालको मन पराउन थालियो । यो च्वाइसको कुरा कुमालेको चक्रझैं घुमिरहने खालको हुँदो रहेछ । महिलाको फेसनको बारेमा त झनै कुरा नगरौं । अर्को एउटा उदाहरण कोकको पनि दिन्छु । कुनै समय कोक सिसाको अलि ठूलो खाले साइजबाट फुच्चे खालको उत्पादन गर्दा बजार निकै पिटेको थियो । पछि फेरि उही पुरानै खालको अर्थात् ठूलो खालको सिसाको बोतलकै कोक मन पराउन थालियो । भन्नुको तात्पर्य के हो भने, अहिले सामाजिक सञ्जालको जगजगी भए पनि सन्ध्याकालीन महानगर दैनिक र साधना मासिक प्रकाशन गर्ने हो भने यसले फेरि निकै मार्केट लिनेमा दुई मत छैन । पाठकहरूमध्ये अधिकमा के एउटा बानी छ भने, उनीहरू स्क्रिनमा समय बिताउनुभन्दा हातैले छोएर पत्रपत्रिका पढ्नमा बढी आनन्द मान्छन् ।

कतिपयको संग्रह गर्ने बानी पनि छ । मैले नै कामना सिने मासिक, साधना हेल्थका अधिकांश अंक संकलन गरेको छु भने समाचार पत्र र महानगरका महत्वपूर्ण संग्रहणीय अंकहरू पनि मसँग सुरक्षित छन् । त्यसैले मजस्तो कामना पब्लिकेसन्सको शुभचिन्तक एवं नियमित पाठकका लागि साधना र महानगर प्रकाशित नहुनु साह्रै दु:खद विषय हो । मैले व्यक्तिगत तवरमा विगतमा पुष्करलाल सर र अहिले दिरेकलाल सरलाई नियमित जसो अनुरोध गरिरहेको छु कि प्राथमिकताको आधारमा साधना र त्यसपछि महानगरलाई पुन: प्रकाशनमा ल्याउनुपर्छ भनेर । म यो विशेष अनुरोध गर्न चाहन्छु ।

केही महिनाअगाडिदेखि कामना पब्लिकेसन्स र इमेज परिवारबीच व्यावसायिक सहकार्य हुन थालेको छ । केही दिनअघि यसमा चौधरी ग्रुपको सिजी इन्टरटेन्मेन्ट पनि जोडिन आएबाट व्यावसायिक रुपमा समग्रमै यो संस्था बलियो हुन गयो भन्ने मेरो आँकलन छ । र, मैले माथि उल्लेख गरेझैं प्राथमिकताको आधारमा साधना मासिकलाई निरन्तरता दिऊँ । यसका लागि कामना प्रकाशन समूहभित्र सक्षम सम्पादक एवं व्यवस्थापक छन् भने विगतमा नियमित जसो लेख लेख्ने हामी लेखकहरु (चिकित्सकहरू) पनि सदा तत्पर छौं । नियमित जसो साधना प्रकाशित हुन गयो भने असंख्य पाठकहरू लाभान्वित हुनेछन् । त्यसो त सामाजिक सञ्जालमा स्वास्थ्य विषयमा अनगिन्ती खुराकहरु सजिलै पाइन्छन्, त्यसमध्ये कति राम्रा, कति नराम्रा, कुन सही, कुन गलत भन्ने कुरा आम पाठकलाई हेक्का नहुन सक्छ । साधना स्वास्थ्य मासिकले सदैव गुणस्तरीय स्वास्थ्य खुराक पस्किने हुनाले नेपाली पाठकहरु बढी लाभान्वित भइरहेका थिए भने आगामी दिनमा पनि हुनेछन् ।

साधनाजस्तै गरी कम्तीमा पुष्करलाल सरको आत्मालाई शान्ति दिलाउने हिसाबले पनि महानगर दैनिकसमेत पुन: प्रकाशनमा ल्याउनु नितान्त आवश्यक छ । कुनै पनि महानगर पालिकामा यसरी दिवा समयमा नियमित जसो सानो टेब्लोइड आकारमा दैनिक पत्रिका वा अखबार प्रकाशन हुनु महानगरकै शान हो । यस कार्यमा कामना प्रकाशन समूहले इमेज समूह एवं सिजी इन्टरटेन्मेन्टको सहयोगमा महानगर दैनिकलाई पनि पुन: निरन्तरता दिनुपर्दछ । अन्त्यमा, फेरि एकपटक भन्छु एक शुभचिन्तकको नाताले साधना स्वास्थ्य मासिक र महानगर दैनिक पुन ब्यूँताउनुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# आजको एउटा प्रश्न: कुन पार्टी कसको ?

झलक सुवेदी

१) गत साता मार्टिन चौतारीमा एउटा प्रसंगमा कुरा गरिएको थियो : आउने चुनावमा प्रतिस्पर्धारत दलमध्ये कुन दलले कसको प्रतिनिधित्व गर्छन् । मूलत: यो अर्थ-राजनीतिक प्रश्न थियो । कुन पार्टी कुन वर्गको हित रक्षा गर्ने खालको हो ? राजनीतिक दलमा कस्तो वर्ग र सामाजिक समूहको वर्चस्व छ ? स्थायी सत्तामा को छ ? कसले स्थायी सत्ताको सेवा गर्छ र को सर्वसाधारण जनताको पक्षमा छ ? को समावेशिताको पक्षमा छ र को परम्परागत वर्चस्वशाली वर्ग, लिंग र समूहको पक्षमा छ ? कसको इतिहास के-कस्तो छ, कति विश्वसनीय छ ?

यी प्रश्न चुनावका समयमा बहस हुनुपर्ने हो । यस्ता बहसका आधारमा आफ्नो पक्षमा कुन दल छ त्यसलाई मतदाताले छनोट गर्नुपर्ने हो । तर हाम्रो सार्वजनिक बहसमा यसतर्फ कमै ध्यान गएको र मूलत: आफ्ना पूर्व आग्रहकै आधारमा कसैको विरोध र समर्थन गर्ने गरिएको पाइन्छ । यो आलेख त्यसरी परख गर्ने एउटा छिपछिपे प्रयाससम्म हो (यसलाई विश्वसनीय बनाउन थप अनुसन्धानको आवश्यकता पर्नेछ) ।

यी प्रश्नमाथि बहस गर्दा मूलत: चार वटा पार्टी नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी, नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टीको परख गरिनेछ । राप्रपा घोषित रूपमा नै राजा र हिन्दु धर्मको वकालत गर्ने भएकोले उसलाई पुरातनपन्थी कन्जर्भेटिभ पार्टी र समाजको सबैभन्दा पिछडिएको चिन्तनधाराको प्रतिनिधि मान्न सकिन्छ । वर्गका दृष्टिले यो परम्परागत शक्ति तथा सम्पत्ति सम्भ्रान्तहरूको सेवा गर्ने समूह हो । जसपाले पहिचानको राजनीति र मधेशको बुर्जुवा वर्गको प्रतिनिधित्व गर्छ । यसबाहेकका दलहरू खासै चर्चायोग्य देखिँदैनन् ।

२) यसमा चर्चा गर्दा हामी किन निर न्तर राजनीतिक उथलपुथल र अस्थिरताको चक्करमा परिरहन्छौं भन्ने विषयमा बहस गर्न ढिलो भएको जस्तो लाग्छ । हाम्रो विश्व विद्यालयको शिक्षाले प्रदान गर्ने ज्ञान, हाम्रो पहुँचमा रहेका र हामीलाई प्रभावित गर्ने सञ्चारका साधनहरू मूलत: अमेरिका केन्द्रमा रहेको विश्व पूँजीवादको प्रवर्धन गर्ने उदारवादी विचारधारामा आधारित रहेकोले पनि बहसले मूलभूत अर्थ-राजनीतिक प्रश्नमा प्रवेश नगरिकनै व्यक्तित्व, चटक, ध्वाँस र झुटा प्रतिबद्धताहरूलाई प्रोत्साहित गर्छन् ।

अझै पनि सामन्तवादी थर-गोत्र, जात र क्षेत्र अथवा बृहत्तर पारिवारिक सम्बन्धहरूको सञ्जाल हाम्रो मतलाई प्रभावित गर्ने एउटा आधारका रूपमा छन् । यस्तो प्रभावका अवशेषहरू मधेशमा सबैभन्दा बढी कायम रहेको जस्तो लाग्छ । यस सम्बन्धमा हालै मैले जनकपुरमा रहेर सार्वजनिक बौद्धिक विमर्शमा सक्रिय रहेका रोशन जनकपुरीसँगका कुराकानीबाट बढी महसुस गरेको थिएँ । तर यस्तो प्रभाव जनजाति बहुल क्षेत्र, अलि दुर्गमका गाउँहरू र शक्ति सम्बन्धलाई परम्परागत सम्पत्ति सम्बन्धले प्रभावित गरेका ठाउँहरूमा कायम छ । त्यसको प्रत्युत्तरमा खस-आर्य समूहले पनि आफू अल्पसंख्यामा रहेका ठाउँहरूमा जातका कुरा गर्ने गरेको सुनिन्छ । यी यस्ता बन्धनहरू हुन् जसले खास समूहलाई सुरक्षित महसुस गराउन त मद्दत गर्छन् तर संसदीय उदारवादी राजनीतिले खोजेको छनोटको स्वतन्त्रतामा व्यक्तिको सार्वभौमिकतालाई अस्वीकार गर्छन् ।

संविधान र कानूनले स्वतन्त्र बनाएका मानिसहरू आफ्नो विचारधारा र वर्गका आधारमा दल या व्यक्ति छनोट गर्ने गरी स्वतन्त्र रहेको भए समाजले मूल बाटो पत्ता लगाउँथ्यो । समाजलाई मूलत: आर्थिक सम्बन्धहरूले ठूलो भर्टिकल समूह अर्थात् वर्गमा विभाजित गरेकोले वर्ग स्वार्थ बुझ्न सक्ने र आफ्नो वर्ग हितको प्रतिनिधित्व गर्ने दल अथवा स्वतन्त्र उम्मेदवार छनोट गर्ने गरी वैचारिक विमर्श हुनेथियो भने राजनीतिले अनिवार्यत: दलले लिने आर्थिक नीति, त्यसले व्यक्ति तथा परिवारको जीवनमा पर्ने प्रभाव बहसको केन्द्रमा हुन्थे ।

यसअघि सरकार बनाएका कुन-कुन दलले लिएका कुन-कुन नीतिले आफ्नो हित गरेका थिए भनेर मानिसहरू इतिहासको मूल्यांकन गर्थे, कसलाई विश्वास गर्ने, नगर्ने फैसला गर्थे । यसका साथै राज्य समावेशी छ कि छैन, त्यसमा महिला, दलित, पछाडि पारिएका समूह समुदाय, लैंगिक रूपले अल्पसंख्यक अथवा समाजको सबैखाले विविधताको प्रतिनिधित्व र सहभागिता जस्ता मुद्दा पनि बहसमा आउँथे । हरेकले आफ्नो समूह या क्षेत्रको वास्तविक हितको प्रतिनिधित्व कसले गर्छ भन्ने कुरा हेरेर मतदान गर्न थालेपछि हरेक दलले आफ्नो कित्ता क्लियर गर्थे ।

पूँजीपतिको पक्षमा कि मजदुरको, अथवा दुईका बीच कुन सन्दर्भमा कसको कुन हदसम्मको प्रतिनिधित्व गर्ने भन्ने कुरा स्पष्ट पार्थे । अथवा किसानको पक्षमा कि बिचौलियाको, क्रोनी पूँजीपति उत्पादन गर्ने कि राज्यका कानून मानेर स्वतन्त्र रूपमा विकास भएको पूँजीपति, माल आयात गरेर बेच्ने र पैसा विदेश पुऱ्याउने यता रोजगारी सिर्जना नगर्ने दलाल पूँजीपति वर्ग कि यतै उद्योग खोलेर व्यवसाय गरेर रोजगारी सिर्जना गर्ने खालको राष्ट्रिय पूँजीपति भन्ने पनि तिनले स्पष्ट पार्नुपर्थ्यो ।

यसो हुन्थ्यो भने राजनीति सङ्लिन्थ्यो । राजनीतिलाई नाफाको कारोबार बनाइरहेका ढँटुवा दल र नेताहरू किनारा लाग्थे । राजनीतिक अस्थिरता कम हुन्थ्यो । हामी त्यसमा चुकिरहेका छौं र देशले दुर्दशा व्यहोरिरहेको छ । अस्थिरताको अर्को कारण पनि छ । अहिलेसम्मका राजनीतिक क्रान्तिहरू सम्झौतामा गएर बिसाइएका छन् । तिनले समाजमा थिग्रिएको आक्रोश र विरोधको ऊर्जालाई बोकेर जहिले पनि सिंहदरबारको गेटसम्म मात्र पुऱ्याएका छन् । अनि गेट बाहिर जनता छुटेका छन् र छट्टुहरू सिंहदरबारको अट्टालिकामा बसेर जनतालाई समृद्धिका दिन पर्खिन अपिल गरिरहेका छन् ।

हुनुपर्ने चाहिं क्रान्तिले जुन वर्ग, विचार र नेतृत्वका विरुद्ध लक्षित गरेको हो त्यसलाई सिंहासनबाट बाहिर लघारेर थप प्रगतिशील वर्गको विचार र शक्तिलाई स्थापित गर्नुपर्ने हो । तर जहिले पनि मिसमास मात्रै भएको छ । नयाँहरू क्रमश: पुरानो विचार र शक्ति संरचनाका आत्मा आफूमा प्रत्यारोपण गरेर बाहिर नयाँ रंग भएको ज्याकेट मात्र लगाएर हिंड्ने गरेका छन् । सँधै क्रान्ति र विद्रोहको बाटो आवश्यक पर्ने कुरा होइन । जुन समाज या राजनीतिक सत्ता गतिशील छ त्यसले समाजको आधारमा आउँदै गरेको परिवर्तनलाई आफैं महसुस गर्छ र सुधार गर्दै जान्छ । पश्चिमा पूँजीवाद मजदुर वर्गका आन्दोलनसँग सम्झौता गर्दै गएकाले टिकेको हो । चीनको समाजवाद आरम्भिक दिनको सामूहिकीकरण र आइरन राइसवाउल सिष्टमका कमजोरीले दिएका चुनौती आफैंले सुधार गरेर जाँदा समृद्ध भएको हो ।

महिलाहरूलाई मतदानको अधिकार दिनु अगाडि, मतदानलाई सबैको अधिकारका रूपमा लैजानु अगाडि सम्पत्ति भएका पुरुषहरू मात्र राजनीतिक दलमा सामेल हुन्थे, मतदानमा सामेल हुन्थे । समाजमा आउँदै गरेको दबाबलाई दमनले थेग्न नसकेपछि उनीहरूले सुधार गर्दै लगेकाले पश्चिमा बुर्जुवा व्यवस्थाहरू बलिया बन्दै गएका हुन् । हामीकहाँ समाजको अन्तर्यमा आइरहेका परिवर्तनलाई सम्बोधन गर्ने राजनीतिक संस्थाहरू विकास भएनन् । समाज गतिशील हुन्छ । यसको सतहमा निरन्तर परिवर्तन हुनु नै यसको अस्तित्वको शर्त हो । नयाँ प्रविधि आउँछ । नयाँ ज्ञानहरू भित्रिन्छन् । जनसंख्याको बनावटमा परिवर्तन आउँछ । बसाइँसराइ हुन्छ ।

स्रोतमाथि नियन्त्रणका लागि संघर्षहरू हुन्छन् । समाजको वर्ग आधारहरू बदलिन्छ । चेतना बदलिन्छ । बसाइँसराइले परम्परागत उत्पादनलाई निरन्तरता दिन समस्या सिर्जना गर्छ । उच्चस्तरको अध्ययन र ज्ञानले नयाँ र अनुकूल सम्भावनातिर मानिसलाई डोऱ्याउँछ । बाँच्न मात्र मुश्किलले पुग्ने कृषि होस् या मजदूरी, सुविधा नपुगेको पहाड होस् या हिमाल मानिसलाई बसिरहन मन लाग्दैन । पानीले ओरालो खोजे झैं मानिसले सुविधा खोज्छ र बग्दै जान्छ ।

नयाँ उद्योगले नयाँ वस्तु उत्पादन चक्र खोज्छ । साना बजारहरूले सुविधा केन्द्रीकरण गर्दा वरपरका असुविधामा बसेका मनिसलाई आफूतिर आकर्षित गर्छन् । यातायातका साधनले एकठाउँबाट अर्को ठाउँमा जान सहज बनाउँछन् । यो अण्डरकरेन्ट परिवर्तन नित्य रूपमा भइनै रहन्छ । मात्रात्मक रूपमा थोरै रहँदासम्म यसको प्रभाव देखिँदैन । जब यसले एउटा तह पार गर्छ अनि समाजलाई त्यही अनुरूप व्यवस्थापन गर्ने ल्याकत राज्यका निकायहरूमा हुनुपर्छ । पहिले नै देखिनुपर्छ कि काठमाडौंमा ५ लाख जनसंख्या हुँदा सप्लाइ गरेको पानीले २० लाख जनसंख्या पुग्दा काम गर्दैन । तिनै सडक, तिनै अस्पताल, तिनै विद्यालय या वडा कार्यालयले सेवा दिन सक्दैनन् ।

सबै कुरा जनसंख्याको चाप धान्न सक्ने गरी बढाइएन भने अवसर नपाउनेले पहुँच नपाउनेले बल गरेर लिन खोज्छ । सेवा प्रवाह अवरुद्ध हुँदा मानिसहरू आक्रोशित हुन्छन् । यी सबै कुराले विद्रोह जन्माउँछ, समाजमा भूकम्प पैदा हुन्छ । हामीकहाँ भएको त्यही हो । तर हाम्रो राजनीतिक क्लास जहिले पनि सडकबाट सत्तामा नपुगुञ्जेल मात्र विद्रोही, जनसाधारणको प्रतिनिधि रह्यो । जब सत्तामा पुग्यो अनि उसले साधारण जनताको आकांक्षाहरूसँगको नाता तोड्दै गयो । वर्ग या समुदायको सामूहिक स्वार्थ अब राजनीतिक वर्गले आफ्ना लागि शक्ति सुरक्षा गर्न लिने अल्पकालीन स्वार्थहरूको टक्करमा बदलियो । सरकारहरू बने, भत्के । संसद्हरू बने भत्के । सानो संख्याको क्रोनी समूह, पावर ब्रोकर, उच्च तहको कर्मचारी, प्रहरी र कतिपय सन्दर्भमा न्यायालय समेत मिलेर शासन गर्न थाले । यस्ता स्वार्थ समूहका टक्करले जहिले पनि अस्थिरता जन्माए । विद्रोह र असन्तोषका मूल कारण निवारण गर्नेतिर लाग्दै लागेनन् । हामीले बनाएका संस्थाहरू लचकदार भएनन् । नेतृत्व गतिशील भएन । मार्क्सले आधारले अधिरचनालाई र अधिरचनाले आधारलाई निरन्तर प्रभाव पार्छन् भनेका छन् । जुन अधिरचनाले आधारमा आइरहेका परिवर्तन धान्न सक्दैन त्यसले थप गतिशील शक्तिका लागि ठाउँ छाड्नुपर्छ । हामीकहाँ विस्तारै विस्तारै समाजको आधारमा आइरहेको परिवर्तन अनुरूप आफूलाई बदल्न राज्य तयार नभएपछि उथलपुथलका प्रयास हुने गरेका छन् । र पनि ती प्राय:जसो दुर्घटनाग्रस्त हुने गरेका छन् ।

*क्रमश: पृष्ठ-३....*

# बैंक दरमा सरकारलाई अधिविकर्ष कर्जा, सहायक कम्पनीमा पनि राष्ट्र बैंक सुपरिवेक्षण




काठमाडौं/नेपाल राष्ट्र बैंकले सरकारलाई बैंक दरमा ओभर ड्राफ्ट (अधिविकर्ष) कर्जा दिने प्रस्ताव गरेको छ । केन्द्रीय बैंकले सरकारलाई स्रोत अभाव भएका बेला ६ महिनाका लागि ओभरड्राफ्ट कर्जा उपलब्ध गराउने प्रस्ताव गरेको हो । राष्ट्र बैंकले डिजिटल बैंक र डिजिटल करेन्सी सम्बन्धी व्यवस्था समेट्दै नेपाल राष्ट्र बैंक ऐन २०५८ संशोधन तयारी गरेको छ । त्यसका लागि राष्ट्र बैंक ऐन संशोधन विधेयकको मस्यौदा तयार गर्दै केन्द्रीय बैंकको सुपरिवेक्षकीय दायरा विस्तार सँगै सञ्चालक समिति संरचना समेत कसिलो बनाउने प्रस्ताव गरेको हो । केन्द्रीय बैंकले तयार गरेको उक्त मस्यौदा अर्थ मन्त्रालय पुगेको छ ।

नेपाल सरकार वा मातहत पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएका संस्थालाई वित्तीय स्रोत अभाव भएको अवस्थामा केन्द्रीय बैंकले ओभरड्राफ्ट मार्फत कर्जा दिन सक्ने प्रस्ताव मस्यौदामा छ । तर, यसरी दिने कर्जा नेपाल सरकारको अघिल्लो आर्थिक वर्षको राजस्व आयको पाँच प्रतिशतभन्दा बढी हुन हुँदैन । यस्तो राजस्व आयको गणना गर्दा ऋण सापटी, आर्थिक अनुपात किसिमको आर्थिक सहयोग तथा सम्पत्ति बिक्रीबाट भएको आर्जन समावेश गर्न पाइने छैन ।

यस्तो अधिविकर्षलाई नेपाल सरकारबाट जारी भएको नेगोसिएबल ऋणपत्रका रूपमा प्रमाणित गरी बैंकलाई बुझाउनुपर्छ । ऋणपत्रको अवधि अधिविकर्षको अवधि बराबर र ब्याजदर बैंक दर बराबर हुने प्रस्ताव मस्यौदामा उल्लेख छ । नेपाल सरकार र बैंकबीच लिखित सम्झौता गरी उक्त सम्झौतामा अधिविकर्षको मूलधन रकम, परिपक्वता अवधि, ब्याज दर तथा अन्य शुल्क उल्लेख हुनुपर्ने छ । यसको अवधि १ सय ८० दिनको हुनेछ ।

मस्यौदा अनुसार केन्द्रीय बैंकको बोर्ड संरचना हालभन्दा ठूलो र स्वतन्त्र सञ्चालकको बाहुल्य कायम हुनुपर्ने प्रस्ताव छ । त्यसका लागि पाँच जना गैरकार्यकारी स्वतन्त्र सञ्चालक हुनुपर्ने प्रस्ताव मस्यौदामा छ । हाल बैंक तथा वित्तीय क्षेत्रका तीन प्रतिष्ठित व्यक्तित्व केन्द्रीय बैंक सञ्चालक हुने व्यवस्था छ । हाल केन्द्रीय बैंक सञ्चालकमा गभर्नर, डेपुटी गभर्नर र अर्थ सचिव सहित ७ सदस्यीय सञ्चालक समितिको व्यवस्था छ ।

मस्यौदाले पाँच जना स्वतन्त्र, गभर्नर, डेपुटी गभर्नर र अर्थ सचिव सञ्चालकमा रहने व्यवस्था गर्न प्रस्ताव गरेको छ । सोही अनुसार केन्द्रीय बैंकमा सरकारको हस्तक्षेप न्यून रहने विश्लेषण गरिएको छ । तर, गभर्नरको विदेश भ्रमण तथा केन्द्रीय बैंकले अन्तर्राष्ट्रिय दाताबाट लिने वित्तीय सहयोग सरकारले स्वीकृत गर्नुपर्ने प्रस्तावले ऐनमार्फत नै सरकारको हस्तक्षेप हुने देखिन्छ ।

त्यसैगरी विधेयकको मस्यौदाले केन्द्रीय बैंकको सुपरिवेक्षण दायरा पनि फराकिलो बनाउने प्रस्ताव गरेको छ । सोही अनुसार केन्द्रीय बैंक बैंक तथा वित्तीय संस्थाका लगानी रहेका कम्पनीको पनि सुपरिवेक्षण गर्न सक्ने छ । त्यसका लागि केन्द्रीय बैंकले वित्तीय संस्थाको परिभाषा पनि फराकिलो बनाउँदै वित्तीय होल्डिङ कम्पनी, कृषि सहकारी, उद्योग वा अन्य कुनै खास आर्थिक प्रयोजनका लागि कर्जा दिने वा सर्वसाधारण जनताबाट निक्षेप संकलन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना भएको वित्तीय संस्था वा डिजिटल बैंक सम्झनुपर्छ ।

त्यस शब्दले विप्रेषण कारोबार गर्ने, भुक्तानी प्रणाली सञ्चालन वा सेवा प्रदायक वा बैंकको सिफारिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वित्तीय संस्था भनी तोकिदिएका संस्थालाई समेत जनाउने मस्यौदामा उल्लेख छ । 'वित्तीय होल्डिङ कम्पनी' भन्नाले वाणिज्य बैंक वा वित्तीय संस्थाको नेपालमा संस्थापित कम्तीमा एक सहायक कम्पनी, संयुक्त उपक्रम वा त्यस्तै अन्य संरचनागत स्वामित्व भएको वाणिज्य बैंक वा वित्तीय संस्था सम्झनुपर्ने मस्यौदामा छ ।

मस्यौदाले डिजिटल बैंक भन्नाले भौतिक शाखा वा सञ्जालविना डिजिटल माध्यमबाट वित्तीय कारोबार सञ्चालन गर्न बैंकबाट इजाजतप्राप्त वित्तीय संस्था सम्झनुपर्ने परिभाषित गरेको छ । हालका बहुउद्देश्यलाई खारेज गर्ने प्रस्ताव मस्यौदामा छ । सोही अनुसार केन्द्रीय बैंकको उद्देश्य मूल्य स्थिरता कायम गर्ने मात्रै उल्लेख छ । केन्द्रीय बैंकले सोही उद्देश्य प्रतिकूल नहुने गरी बैंकिङ तथा वित्तीय क्षेत्र र वाह्य क्षेत्र स्थायित्व कायम गर्ने प्रस्ताव मस्यौदामा छ । उद्देश्यमा प्रतिकूल प्रभाव नपर्ने गरी बैंकले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउने काम पनि केन्द्रीय बैंकले गर्ने छ ।

विधेयकको मस्यौदाले गभर्नर तथा सञ्चालकको योग्यता पनि बढाउने प्रस्ताव गरेको छ । हालको कानुनमा स्नाकोत्तरलाई वाणिज्य भनेर स्पष्ट पारिएको छ भने लेखा संकायबाट स्नाकोत्तर गरेको व्यक्ति पनि गभर्नर बन्न योग्य हुने प्रस्ताव गरिएको छ । साथै, नयाँ व्यवस्था अनुसार व्यावसायिक कार्य अनुभव पनि तोकिएको छ ।

नेपाल सरकार वा केन्द्रीय बैंकको विशिष्ट श्रेणीको पद वा विश्वविद्यालयको प्राध्यापक वा अन्तर्राष्ट्रिय वित्तीय संघसंस्थाको कार्यकारी तहको पद वा सोसरह पदमा कार्य अनुभव भएको हुनुपर्छ । यसका लागि १० वर्षको कार्य अनुभव हुनुपर्ने प्रस्ताव गरिएको छ ।

त्यसैगरी वाणिज्य बैंक वा वित्तीय संथामा ५ प्रतिशतभन्दा धेरै सेयर भएको व्यक्ति सञ्चालक हुन नपाउने हालको व्यवस्था पनि एक प्रतिशतमा झारेको छ । त्यस्तै अर्थ मन्त्रालयका सचिवबाहेक नेपाल सरकार सार्वजनिक प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारी सञ्चालक हुन सक्ने छैनन् । केन्द्रीय बैंकबाट अवकाश कर्मचारी सञ्चालक हुन ३ वर्ष पर्खनुपर्ने व्यवस्था मस्यौदामा छ ।

गभर्नर पदमुक्त गर्न गठन गरिने अध्ययन समितिमा पूर्वगभर्नरलाई अनिवार्य राख्ने व्यवस्था प्रस्ताव गरिएको छ । साथै, संयोजक पनि सर्वोच्च अदालतको पूर्वन्यायाधीश हुनुपर्ने व्यवस्था पनि परिवर्तन गर्दै उच्च अदालतको मुख्य न्यायाधीश प्रस्ताव गरिएको छ । साथै, विधेयकले गभर्नरको जिम्मेवारी पनि स्पष्ट तोकेको छ । गभर्नरको काम नीति निर्माण नभई कार्यान्वयन गर्नेतर्फ केन्द्रित गरिएको छ ।

राष्ट्र बैंकको पूँजी नेपाल सरकारले घटाउन सक्ने हालको व्यवस्था परिवर्तन गरी पूँजी घटाउन नसकिने प्रस्ताव गरिएको छ । नेपाल सरकारले बैंकको अनुरोधमा पूँजी वृद्धि गर्न सक्ने छ । त्यसैगरी बैंकको लेखा परीक्षण गरिएको वार्षिक वित्तीय विवरणमा पूँजी घट्न गए सञ्चालक समितिले पूँजी पुनर्स्थापना गर्न नेपाल सरकारलाई अनुरोध गर्ने छ ।

केन्द्रीय बैंकबाट अनुरोध भई आए नेपाल सरकारले उक्त रकम नगद वा प्रचलित ब्याजदरमा जारी गरिएको सम्झौतायोग्य ऋण उपकरण मार्फत आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र बैंकलाई उपलब्ध गराउनुपर्ने प्रस्ताव मस्यौदामा छ । साथै, आगामी दिनमा मौद्रिक नीति ल्याउने मितिसमेत तय गर्नुपर्ने र सोही अनुसार प्रस्ताव गरिएको छ । आर्थिक वर्ष सुरु भएको १५ दिनभित्र मौद्रिक नीति ल्याउनुपर्ने व्यवस्था तोकिएको छ ।

बैंक तथा वित्तीय संस्थाको असल कर्जाका आधारमा पनि पुनर्कर्जा पाइने व्यवस्था मस्यौदामा गरिएको छ । हाल यस्तो व्यवस्था छैन । केन्द्रीय बैंकले अन्तिम ऋणदाताका रूपमा ऋण प्रदान गर्नुपर्ने मस्यौदामा उल्लेख छ । बैंक तथा वित्तीय संस्थाले उपलब्ध उपकरणका माध्यमबाट आवश्यक तरलता व्यवस्थापन गर्न नसकी तत्कालको दायित्व पूरा गर्न असमर्थ भई प्रणालीगत जोखिम सिर्जना हुने र बैंकिङ प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयतामा कमी आउन सक्ने जोखिम देखिए जायजेथाको सुरक्षणमा अन्तिम ऋणदाताका रूपमा बैंकले ऋण प्रदान गर्न सक्ने छ ।

बैंक वा वित्तीय संस्थालाई अन्तिम ऋणदाताका रूपमा प्रदान गरिएको कर्जा अवधि बढीमा ६ महिनाको हुनेछ । अन्तिम ऋणदाताका रूपमा प्रदान गरिएको कर्जाको ब्याजदर तथा अन्य सर्त बैंकले तोके बमोजिम हुनेछ । बैंकबाट इजाजतपत्र प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्था वा निक्षेप संकलन गर्ने वा नगर्ने गरी प्रचलित कानुन बमोजिम स्थापित वित्तीय कारोबार गर्ने संस्था वा सहकारी सम्बन्धी प्रचलित कानुन बमोजिम दर्ता भएको सहकारी संस्था, वाणिज्य बैंक वा वित्तीय संस्थाको सहायक कम्पनीमा रहेका सम्बद्ध व्यक्तिको समष्टिगत निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी अन्य व्यवस्था बैंकले निर्धारण गरे बमोजिम हुने मस्यौदामा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'हामी तीन भाइ'को 'मैले जति दुःख पीडा' गीत रिलिज



काठमाडौं/राम नवमीको अवसर पारेर चैत १३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'हामी तीन भाइ'को पहिलो गीत 'मैले जति दुःख पीडा' सार्वजनिक गरिएको छ । मर्मस्पर्शी भावको यस गीतमा बाबुल गिरीको शब्द, संगीत तथा स्वर रहेको छ । गीतले आफ्नाबाटै पीडा भोग्नुपर्दाको भावना व्यक्त गर्दै माया गरे माया मिल्ने सन्देश दिएको छ ।

गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू विनोद न्यौपाने, लक्ष्मी वर्देवा, कुशल बिष्ट, आश्मा गिरी, जाहन्वी बस्नेत, फलित राई लगायतलाई देख्न सकिन्छ । तीन दाजुभाइको घनिष्ट सम्बन्धमा कुनै घटनाले आउने उतार चढावलाई भिडियोमा प्रस्तुत प्रस्तुत गरिएको छ । भिडियोका दृश्यले ग्रामीण परिवेशको कथामा फिल्म आधारित रहेको संकेत गर्छ ।

मधुसुदन भट्टराई निर्देशित यस फिल्ममा राजाराम पौडेल, रविन्द्र झा, बिष्णु सापकोटा (हर्के हल्दार), विकास चापागाईं, सुष्मा निरौला, यादव देवकोटा (सरापे), अन्जु हमाल, तारा शर्मा, पवन केसी, रमा बिष्ट, विरेन श्रेष्ठ, सुष्मा जिम्बा, खिन्न बहादुर भण्डारी (भोले), गोविन्द प्रसाद पौडेल, भूमिका गिरी, टेकराज पौडेल, अमृतमान महर्जन लगायतको पनि अभिनय देख्न सकिनेछ ।

त्रिरत्न श्रेष्ठ र मनोज श्रेष्ठ निर्माता रहेको यस फिल्ममा विक्रम तामाङ कार्यकारी निर्माताामा छन् भने सह-निर्माताहरू भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल र दुर्गालक्ष्मी पाण्डे हुन् । साजित महत प्रस्तुतकर्ता रहेको फिल्ममा शिवम् अधिकारीको लेखन, शिव ढकालको छायांकन, बनिश शाहको सम्पादन तथा साप शक्ति र बाबुल गिरीको संगीत छ ।

# रेखाको निर्देशनमा 'माया भनेकै यस्तो होला' बन्ने

साझाकुरा संवाददाता




काठमाडौं/अभिनेत्री रेखा थापा करिब ८ वर्षपछि फिल्म निर्देशनमा फर्किने भएकी छन् । उनको निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'माया भनेकै यस्तो होला'को आइतबार महाशिवरात्रीको अवसर पारेर काठमाडौंमा एक कार्यक्रमका बीच निर्माण घोषणा गरिएको छ । यो रेखाको तेस्रो निर्देशकीय फिल्म हुनेछ । यसअघि उनले 'हिम्मतवाली' र 'मालिका' निर्देशन गरिसकेकी छन् ।

'दिया एण्ड अमु फिल्मस्'को ब्यानरमा निर्माण हुने यस फिल्ममा नयाँ र पुराना पुस्ताका कलाकार हरूलाई समेटिएको छ । मदनकृष्ण श्रेष्ठ, लक्ष्मी गिरी, राजाराम पौडेल, विशाल पहारी, दिल श्रेष्ठ, पूर्व मिस नेपालहरू सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ, पूर्वमिस नेपाल इन्टरनेसनल नीति शाह, संगम भण्डारी, सुजाता श्रेष्ठ, विनोद पौडेल लगायतका कलाकार हरूले फिल्ममा अभिनय गर्नेछन् ।

फिल्मको निर्माण घोषणासँगै दुईवटा पोस्टर पनि सार्वजनिक गरिएको छ । एउटामा त्रिकोणात्मक प्रेम झल्काइएको छ भने अर्कोमा बाबु-छोराको आत्मीयता दर्शाउन खोजिएको छ । यसले प्रेम सम्बन्धमा आउने उतारचढाव र सन्तानको कर्तव्यलाई फिल्ममा मुख्य कथावस्तु बनाइएको संकेत गर्छ । यद्यपि, निर्माण पक्षले यसबारे कुनै जानकारी गराएको छैन ।

हरि नारायण श्रेष्ठ र माया देवी श्रेष्ठ निर्माता रहेको फिल्ममा सुदीप बराल छायांकन तथा प्रशान्त सिवाकोटीको संगीत रहनेछ । ध्रुव लम्सालको लेखन रहेको फिल्ममा रंग पत्रकार राजन घिमिरे को-अर्डिनेटरको रूपमा छन् । आगामी तीजमा प्रदर्शन गर्ने लक्ष्य राखिएको यो फिल्मको छायांकन फागुन दोस्रो साताबाट सुरू गर्ने तयारीमा निर्माण पक्ष रहेको छ ।

# 'मालती मंगले' बैशाख २५ मा आउने, पोस्टरमा यस्तो देखिए विजय र वर्षा

काठमाडौं/चर्चित गायक रामकृष्ण ढकालले पहिलो पटक निर्माण गरेको फिल्म 'मालती मंगले' आगामी बैशाख २५ गते (८ मे)देखि प्रदर्शनमा आउने भएको छ । शनिबार निर्माण पक्षले भ्यालेनटाइन डे (प्रणय दिवस)को अवसरमा फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मितिबारे जानकारी गराएको हो । उक्त मितिमा अहिलेसम्म अरू फिल्म छैनन् ।

सार्वजनिक पोस्टरमा फिल्मका मुख्य जोडी विजय बराल र वर्षा राउत प्रेमिल मुद्रामा देखिएका छन् । विजयले वर्षाको काखमा आफ्नो टाउको राखेका छन् भने फरिया र चोलोमा सजिएकी वर्षा विजयको कुममा टाउको अड्याउँदै मुस्कुराइरहेकी छिन् । फिल्ममा उनीहरू श्रीमान्-श्रीमतीको भूमिकामा छन् । पोस्टरले ग्रामीण प्रेमकथामा फिल्म आधारित रहेको संकेत दिन्छ ।

प्रकु पाण्डेयको निर्देशनमा बनेको यस फिल्ममा विजय र वर्षासहित मेक्सम गौडेल, प्रकाश घिमिरे, सरिता गिरी, सुस्मा निरौला, सुनिल तामाङ, उमेश सुनाम, शकु शाह, सुचित्रा उप्रेती, दिनेश शाही, रिजन परियार लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । फिल्ममा निर्देशक पाण्डेय स्वयंको कथा छ भने पटकथा तथा संवाद संयोग गुरागाईंले तयार पारेका हुन् ।

रानी फिल्म्स र युनी इन्टरटेनमेन्टको सहकार्यमा निर्माण भएको यस फिल्मको कार्यकारी निर्मातामा सागर ज्ञवाली रहेका छन् । बाबु सुवेदी, रविन श्रेष्ठ, वेदना कर्माचार्य श्रेष्ठ, पद्मावती गुरुङ र स्वीकृति बस्नेत सह-निर्माता रहेको फिल्ममा महेश पौडेलको छायांकन, रोमी मोजेजको सम्पादन, डिकेश खड्गीको ध्वनि मिश्रण तथा कृष्ण भण्डारीको रंग संयोजन छ ।

# आजको एउटा प्रश्न...

समाजको संरचनागत परिवर्तन, कृषिबाट उद्योगतिर, निर्वाहमुखी उत्पादनबाट नाफामुखी उत्पादनतिर, क्रोनीहरूलाई पोस्ने नीतिबाट राष्ट्रिय पूँजीलाई पोस्ने नीतितिर, मेकालियन शिक्षाबाट उत्पादनमुखी व्यावसायिक र अनुसन्धानमुखी शिक्षातिर, उपचार भन्दा रोग नलाग्नेतिर फड्को हान्ने नीति र त्यस अनुरूपको नेतृत्व नहोउञ्जेल हुने यस्तै हो । यसैले निर्वाचनका समयमा यी सबै प्रवृत्तिहरू माथि समाजमा सार्वजनिक विमर्श हुनु जरूरी छ । यसपालि भने को कसको प्रतिनिधि हो भन्ने विषयमा मात्र केन्द्रित विमर्श गरिनेछ ।

३) अब कुन दलले कसको प्रतिनिधित्व गर्छ भन्ने विषयमा कुरा गरौं । प्रतिनिधित्वका निम्न सूचकहरूलाई आधार बनाउन सकिन्छ ।

- लैंगिक प्रतिनिधित्व
- जातीय प्रतिनिधित्व
- धार्मिक-सांस्कृतिक विविधताको प्रतिनिधित्व
- वर्गीय प्रतिनिधित्व
- विचारधारात्मक प्रतिनिधित्व

लैंगिक प्रतिनिधित्वका दृष्टिले माथि नाम लिइएका चारवटै दलहरू मूलतः पुरुषहरूको प्रतिनिधित्व गर्छन् । पितृसत्तात्मक समाजका प्रतिनिधिका रूपमा उनीहरू महिलालाई पुरुष अधीनस्थ, कमजोर र सहयोगीका रूपमा मात्र हेर्ने चिन्तनधाराका प्रतिनिधि हुन् । एमालेको १९ जना पदाधिकारीमा १ जना सचिव मात्र महिला छिन् । कांग्रेस पदाधिकारीमा दुई जना महिला छन् । नेकपा र रास्वपाको अवस्था पनि उनीहरू भन्दा फरक छैन । निर्णय प्रक्रियामा हेर्दा मूलतः पुरुषहरू निर्णायक छन् । महिलाहरू कमजोर छन् भन्ने कुरा त प्रत्यक्षतर्फका १६५ सिटमा चारवटै दलले उठाएका उम्मेदवारको संख्या हेरेर पनि थाहा हुन्छ ।

धार्मिक, सांस्कृतिक दृष्टिले यी दलको नेतृत्व मूलतः हिन्दु धर्म संस्कृतिसँग बढी निकट छन् । गगन थापाको निधारमा देखिइरहने टीका, केपी ओलीको राम जन्मभूमिमा मूर्ति स्थापना र पशुपतिको जलहारी प्रकरण, प्रचण्डको गेरुवस्त्र धारण, बालेनको हालैको धार्मिक यात्रा सबैले देखाउने कुरा यही हो कि यिनीहरू हिन्दु धर्मका प्रति (प्रचण्ड र नेकपाका हकमा यो बढी राजनीतिक जस्तो देखिन्छ, आस्थाका रूपमा देखिएको छैन) र त्यसको राजनीतिक शक्तिका प्रति आसक्ति रहेको देखिन्छ । सनातन संस्कृति यिनीहरूको मूल प्रवृत्ति हो । अभिजात्य बुर्जुवा वर्गको नैतिक मूल्य (इन्डिभिज्युयालिजम) यी सबैको मूल आदर्श हो । मात्रामा अरू भन्दा नेकपा फरक देखिन्छ, थोरै सामूहिकता यसमा बाँकी छ जस्तो लाग्छ ।

जातिका दृष्टिले यी सबै दलहरू उच्च पहाडे खस आर्य समुदायको नेतृत्वमा छन् । डिपस्टेटको प्रतिनिधित्व गर्ने कर्मचारीतन्त्र, सेना, प्रहरी र धार्मिक गुरुहरूमा पनि यही समूहको वर्चस्व छ । कर्णाली र सुदूरपश्चिमबाट यसमा वर्चस्वशाली तप्का आइसकेको छैन । जनसांख्यिक बनोट र ज्ञान तथा शक्तिमाथिको परम्परागत नियन्त्रणको कारणले यस्तो भएको बुझ्न सकिन्छ । दोस्रो सोपानमा पहाडे जनजातिहरू छन् । तेस्रो सोपानमा मधेशको ब्राहृमण र वैश्यहरू पर्छन् । अरू सबै अधीनस्थ देखिन्छन् ।

विचारका दृष्टिले समावेशी प्रतिनिधित्वको मुख्य वकालतकर्ता नेकपा (तत्कालीन माओवादी) र पहिचानवादीहरू हुन् । तर यसले वर्चस्वको आधारभूत संरचना या मनोविज्ञानलाई खासै परिवर्तन गर्न सकेको छैन । वर्गका दृष्टिले यी दलहरू मिश्रित प्रकारका हितहरूको प्रतिनिधित्व गर्ने दबाबमा त पर्छन् तर २०४८ देखियता लिइएका नीतिहरूले उपल्लो १ प्रतिशतको सेवा गरेको देखिन्छ । यद्यपि दलहरूले लिएका नीतिमा टेकेर केही संख्यामा मध्यम तथा निम्न बुर्जुवा वर्गका व्यक्तिहरूले व्यवस्थापकीय क्षमताको प्रयोग, जोखिम लिने क्षमता, सामाजिक पूँजीको प्रयोग तथा राजनीतिक नेतृत्वको संरक्षणमा हैसियत उठाएको पक्का हो । हालैको एउटा प्रतिवेदन अनुसार माथिल्लो १ प्रतिशत जनसंख्या (लगभग ३ लाख) सँग तल्लो ५० प्रतिशतको भन्दा ५१९ गुणा बढी सम्पत्ति छ । अर्थात् हाम्रा दलहरू जसले सरकार चलाए तिनले लिएका नीतिले सुपर रिचहरू तयार पार्दैछ । अनौपचारिक क्षेत्रका मजदुर, कृषि मजदुर, गरिब तथा सिमान्त किसान, दुर्गम तथा अनुत्पादक क्षेत्रमा बसोबास गर्ने, शिक्षामा पहुँच नभएका, दलित, मुश्लिम तथा केही जनजाति, सडकपेटीमा व्यापार गर्नेहरू गरिबीमा छन् । तिनको प्रतिनिधित्व गर्नका लागि त उनीहरूलाई अनुकूल हुने नीति ल्याउने दल हुनुपर्ने हो ।

जनताको ठूलो हिस्सा गरिब रहेको, उनीहरूको समर्थन र मत सत्तामा जानका लागि निर्णायक रहने भएकोले सरकारमा जानुअघि र सरकारमा गएपछि पनि गरिबी निवारण, निःशुल्क औषधि, निःशुल्क शिक्षा, ऋण मिनाहा, लक्षित वर्ग कार्यक्रम जस्ता नीतिगत सुधारका प्रयास गरिन्छन् । तर संरचनागत परिवर्तन हुने गरी आर्थिक नीति ल्याउन सकेको भए अहिलेसम्म सुपर रिचहरू त तयार हुन्थे तर सँगै तल्लो वर्ग एकतह माथि उक्लिन्थ्यो र आर्थिक वृद्धिको चक्र तयार हुन्थ्यो । आर्थिक वितरणको इकोसिस्टम पनि तयार हुन्थ्यो । त्यो नगरिएकोले बाजेका पालादेखि विदेश जानेले विदेश जान सक्ने नयाँ पुस्ता तयार पार्ने, कृषि तथा असंगठित क्षेत्रको मजदुरी गर्नेले र आफू जस्तै मजदुर नै उत्पादन गर्ने परिवारहरू जनसंख्याको निर्णायक हिस्सा रहेको छ । यसबाहेक साना पसले, सानो जागिरे, मध्यम किसान लगायतको ठूलो हिस्सा छ जसले आफ्नो जीवन पहिले भन्दा पछि परेको, गरिब भएको (धनी हुनेको सापेक्षतामा) अनुभव गरिरहेको छ ।

दलगत रूपमा हेर्दा नेपालको बुर्जुवा (सम्पत्तिशाली वर्ग) को मुख्य प्रतिनिधि नेपाली कांग्रेस मानिन्छ । पछिल्लो समय यही हिस्सामा दाबी गर्न रास्वपा अगाडि आएको छ । नेकपा एमालेले बुर्जुवा वर्गको सेवा गर्ने प्रयास गर्दा पनि नवधनाढ्य र आर्थिक उदारीकरणका अवसर उपयोग गरेको नवस्थापित बुर्जुवा वर्गको एउटा हिस्सा मात्र उसको पक्षमा छ । अलिकति आफैंले हुर्काएको क्रोनी क्लास छ ।

नेकपासँग उपल्लो बुर्जुवा वर्ग जोडिएको छैन । अल्पकालीन हितहरूका लागि प्रधानमन्त्री भएका बेला प्रचण्डलाई सहयोग गर्ने र लाभ लिने तर राजनीतिक रूपमा माओवादीसँग जोडिन नसक्ने भएकोले उपल्लो बुर्जुवा वर्गभन्दा तलको हिस्सा, खासगरी मध्यम पूँजीपति र निम्न पूँजीपति वर्ग नै नेकपाको हिस्सामा परेको छ । श्रमिक वर्गसँग यी दलहरूको नातो जोडिएको छैन ।

रास्वपाको उदयले शहरिया मध्यमवर्ग र ग्रामीण मध्यम तथा गरिब किसान परिवारका सदस्यहरूलाई, जो लामो समयसम्म राज्य र राजनीतिक वर्गबाट आफू ठगिएको बुझेर असन्तुष्ट छ, एमाले र कांग्रेसको पकडबाट खोसिरहेको छ । बाउ-आमा रूख र सूर्य भनिरहेको बेला घण्टी बजाउन हिंडिरहेको छ । तर रास्वपाले, उसका नीतिहरूले सेवा गर्ने भनेको उदाउँदो बुर्जुवा वर्गकै हो, डिपस्टेटका सदस्य र हिसकेकाहरूको परिवारको हो । पछिल्लो जेनजी आन्दोलनमा सहभागी पुस्ताको तल्लो हिस्सा पनि र शहरिया बुर्जुवा वर्गको एउटा हिस्सा पनि रास्वपातिर आकर्षित देखिन्छ । परम्परागत राजनीतिक विचारधाराका हिसाबले कम्युनिष्ट पार्टीहरूतिर आकर्षित हुनुपर्ने मतमा नै रास्वपाले आफ्नो आधार खोजिरहेको छ । यसैले यो निर्वाचनमा रास्वपाले कांग्रेस र नेकपाको भन्दा बढी नेकपा एमालेका मत तानिरहेको भन्ने सूचनाहरू छन् । विचारधारात्मक दृष्टिले नेपाल कम्युनिष्ट पार्टीले खैरो हुँदै गएको समाजवादी विचारको पक्ष लिन्छ ।

*(साभार:अनलाइनखबर)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

आइतबारदेखि मतदाताशिक्षा कार्यक्रम सुरु

# निर्वाचन प्रचारका लागि १५ दिनको समयसीमा तोकियो

साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/ मकवानपुरमा बदर मत घटाउने लक्ष्यसहित आइतबारदेखि मतदाता शिक्षा कार्यक्रम सुरु भएको छ ।

१८ दिनपछि हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै प्रदेश निर्वाचन कार्यालय, हेटौंडाले कार्यक्रम सुरु गरेको हो । प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रमुख हरिप्रसाद ढकालका अनुसार मतदाता शिक्षा प्रभावकारी बनाउन प्रत्येक पालिकाबाट एकएकजना अनुगमनकर्तालाई तालिम दिइ सकिएको छ । तालिमप्राप्त अनुगमनकर्ताले आफ्नो पालिकाको प्रत्येक वडाबाट एकएकजनालाई तालिम दिएपछि वडातहमा मतदाताशिक्षा कार्यक्रम सञ्चालनमा ल्याइएको उनले बताए । उनका अनुसार प्रत्येक वडामा बालविकास सहजकर्ता वा महिला स्वास्थ्य स्वयंसेविकालाई मतदाता शिक्षा स्वयंसेवकका रुपमा परिचालन गरिनेछ । १० पालिकाका १०२ वडामा एकएकजना स्वयंसेवक खटाइने कार्यालयले जनाएको छ ।



स्वयंसेवकले घरदैलो मार्फत् मतदातालाई नमूना मतपत्र प्रयोग गरेर मतदान प्रक्रिया, मतपत्र कसरी सही तरिकाले छाप लगाउने र मत बदर हुन नदिने उपायबारे जानकारी गराउनेछन् । कार्यक्रमको अनुगमन निर्वाचन कार्यालयबाट तालिमप्राप्त अनुगमनकर्ताले गर्ने ढकालले बताए । 'मतदान प्रक्रियालाई सहज र सरल बनाउने, मतदातालाई सचेत गराउने र बदर मतको प्रतिशत घटाउने उद्देश्यले फागुन १७ गतेसम्म मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ,' प्रमुख ढकालले भने । मतदाताशिक्षाले निर्वाचनमा सहभागिता वृद्धि र मतको गुणस्तर सुधारमा महत्वपूर्ण भूमिका खेल्ने कार्यालयको अपेक्षा छ ।

२०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा ४.४६ प्रतिशत मत बदर भएको थियो । दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा क्षेत्र नम्बर १ मा एक लाख ५८ हजार ४३५ र क्षेत्र नम्बर २ मा एक लाख ५६ हजार ८९९ मतदाता रहेका छन् । जिल्लाको कुल मतदाता संख्या तीन लाख १५ हजार ३३४ छ । तीमध्ये एक लाख ५३ हजार ३७६ महिला र पाँचजना अन्य मतदाता रहेका छन् । निर्वाचन कार्यालयले मतदातालाई मताधिकारको महत्व बुझ्रेर सचेतरुपमा मतदान प्रक्रियामा सहभागी हुन पनि मतदातालाई आग्रह गरेको छ ।

**"आचारसंहिता उल्लंघन गर्नेको उमेदवारी खारेजीसम्मको कारवाही हुनसक्छ"**

आगामी २०८२ फाल्गुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी अन्तिमचरणमा पुगेको छ । निर्वाचन आयोगले फाल्गुन ३ गते राति १२ बजेदेखि निर्वाचन प्रचारप्रसारको १५ दिने समय सीमा सुरु भएको घोषणा गरेको हो । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार राजनीतिक दल र उमेदवारले फागुन १८ गते राति १२ बजेसम्म मात्र जुलुस, आमसभा र प्रचारप्रसारका कार्यक्रम गर्न पाउनेछन् ।

त्यसपछि 'मौनअवधि' सुरु हुने र यस समयमा कुनैपनि प्रकारका चुनावी गतिविधि, छलफल वा 'कानेखुसी' गर्न समेत निषेध गरिएको छ । राजनीतिक दलहरुले निर्वाचनखर्चका लागि अनिवार्यरुपमा छुट्टै बैंक खाता खोल्नुपर्ने व्यवस्था गरिएको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताएका छन् । आमसभा वा कोणसभा गर्दा मञ्च तयारीमा लागेको खर्चको विवरण उमेदवार स्वयं वा प्रतिनिधिमार्फत निर्वाचन कार्यालयमा पेश गर्नुपर्नेछ । स्वेच्छिक आर्थिक सहयोग लिँदा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को परिधिभित्र रहनुपर्ने आयोगको स्पष्ट निर्देशन छ ।

भण्डारीकाअनुसार नेपाल सरकार, प्रदेश सरकार र मन्त्रीहरुले निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न पाउने छैनन् । यसको कडा निगरानीका लागि केन्द्रीय र जिल्लास्तरीय अनुगमन समिति सक्रिय पारिएको उनले बताए । अधिकांश दलले निर्वाचनका लागि घोषणापत्र वा प्रतिवद्धतापत्र आयोगमा पेश गरिसकेको बताएका छन् ।

आईतवार रातिसम्मको समयसीमा तोकिएको र केही दलहरु अझै प्रक्रियामा रहेको आयोगले जानकारी दिएका छ । मुलुकको सुशासन र विकासका योजना समेटिएको यो दस्तावेज दलको कानूनी र नैतिक दायित्व रहेको कार्यवाहक आयुक्त भण्डारीले बताए ।

आयोगले फागुन ४ गतेदेखि १८ गतेसम्म प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रचारप्रसारको समय तोक्दै सरोकारवालालाई आचार संहिताको पूर्णपालना गर्न निर्देशन दिएको छ । निर्वाचन आयोगले तोकिएको कार्यतालिका बमोजिम राजनीतिक दल र उम्मेदवारलाई चुनावी प्रचारप्रसारका लागि निश्चित समयसीमा प्रदान गरेको हो ।

आयोगकाअनुसार २०८२ फाल्गुन ३ गते राति १२ बजेपछि अर्थात् फागुन ४ गतेदेखि सुरु हुने यो प्रचारअवधि फागुन १८ गते राति १२ बजेसम्म कायम रहने आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए । उनकाअनुसार आयोगले प्रचार प्रसारका क्रममा राजनीतिक दल, उम्मेदवार, नेता, प्रतिनिधि र शुभेच्छुकलाई निर्वाचन आचार संहिताको पूर्णपालना गर्न निर्देशन दिइएको छ ।

# थाहाका पत्रकार/गजलकार नेगी हेटौंडामा सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/थाहा नगरपालिका-३ निवासी पत्रकार/गजलकार कुमार नेगी हेटौंडामा सम्मानित भएका छन् । गजल मञ्च मकवानपुरले यस वर्षको 'श्रीकृष्ण-तालुमाया नमुना स्मृति गजल सम्मान २०८२' बाट गजलकार कुमार नेगी 'पालुङ्गे चरो'लाई सम्मान गरेको हो ।

गजलकार पालुङ्गे चरोलाई गजल साहित्यको प्रवर्द्धन, संरक्षण तथा सम्वर्द्धनमा योगदान पुऱ्याएको मूल्यांकनसहित सम्मान गरिएको हो । मकवानपुरको गजलक्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने स्रष्टालाई सम्मान गर्ने उद्देश्यले साहित्यकार तथा गजल मञ्च मकवानपुरका पूर्वकार्यसमिति सदस्य भोला सिवाकोटीले आफ्ना मातापिता तथा छोरीको स्मृतिमा स्थापना गरेको सम्मानमा सम्मानपत्र सहित नगद पाँच हजार प्रदान गरिएको हो । गजलकार नेगीको वि.सं. २०५८ सालमा प्रकाशित 'सृजनाका हातहरु' गजलसंग्रह मकवानपुरबाट प्रकाशित पहिलो गजल कृति हो ।



जिल्लाको गजल इतिहासमै पहिलो कृति प्रकाशन गर्दै गजल विधाको उन्नयन र प्रवर्द्धनमा अतुलनीय योगदान पुऱ्याएको कदर स्वरुप उनलाई यो सम्मान प्रदान गरिएको हो । यो सम्मानबाट यसअघि गजलकार अनिश न्यौपाने 'भावना' तथा गजल मञ्च मकवानपुरका संस्थापक एवं पूर्वअध्यक्ष दुर्गा लामिछाने 'नमुना' सम्मानित भइसकेका छन् । मञ्चका अध्यक्ष सञ्जीत श्रेष्ठको सभाध्यक्षता तथा डा. निमेष निखिलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रमका विशिष्ट अतिथिका रुपमा वरिष्ठ साहित्यकार तुलसी घिमिरे रहेका थिए ।

हरेकवर्ष मकवानपुरका माध्यमिक तहका विद्यार्थीबीच आयोजना गरिने गजल प्रतियोगिता मार्फत् प्रदान गरिने मनमाया स्मृति गजल पुरस्कार यसवर्ष गोरक्षनाथ माध्यमिक विद्यालय, हेटौंडा-१८ की इन्दिरा विश्वकर्माले प्राप्त गर्न सफल भइन् । प्रतियोगिताका लागि प्राप्त १८ गजलमध्ये उत्कृष्ट १० गजलका गजलकारलाई अन्तिम चरणको वाचनका लागि आमन्त्रण गरिएको थियो । अन्तिमवाचनपछि विश्वकर्मा सर्वोत्कृष्ट घोषित हुँदै नगद ५,५५५ राशिसहितको पुरस्कार जित्न सफल भइन् ।

पुरस्कार मञ्चका पूर्वअध्यक्ष तथा सल्लाहकार दीपक गौतमले आफ्नो हजुरआमाको सम्झनामा स्थापना गरेका हुन् । उत्कृष्ट १० जना गजलकारलाई प्रमाणपत्रसमेत प्रदान गरिएको छ । प्रतियोगितामा निर्णायककारुपमा मञ्चका निवर्तमान अध्यक्ष गजलकार केशव समर्पण तथा साहित्य संगम मकवानपुरकी सहसचिव भवानी तिमल्सिना रहेकी थिइन् । मकवानपुरमा क्रियाशील विभिन्न साहित्यिक संस्थाका अध्यक्ष तथा प्रतिनिधिको सहभागिता रहेको कार्यक्रममा अग्रज साहित्यकार देवराज खरेल, राजकुमार लामिछाने, विष्णु गौतम तथा मञ्चका पूर्वअध्यक्ष र सल्लाहकारका साथै विद्यार्थीको बाक्लो उपस्थिति रहेको थियो ।

हेटौंडा-४ स्थित साहित्य संगम तथा सिस्नुपानी नेपाल मकवानपुरको संयुक्त भवनमा आयोजित कार्यक्रममा नियमित गजल यात्रा अन्तर्गत मुस्कान तिमल्सिना, गौरी कँडेल, देवराज तिवारी र राम कार्की लगायतले गजलवाचन गरेका थिए ।

# एमाले मकवानपुर: दुवै क्षेत्र जित्ने निष्कर्ष

साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/ नेकपा एमाले मकवानपुर निर्वाचन परिचालनको सचिवालय बैठक सम्पन्न भएको छ । बैठकले मकवानपुर जिल्लाको दुवै क्षेत्रमा पार्टीको दुवै उम्मेद्वारको जीत सुनिश्चित रहेको निष्कर्ष निकालेको छ ।



विगत निर्वाचनमा पार्टीको उम्मेद्वारले प्राप्त गरेको मतलाई सुरक्षित गर्न र फरक चुनौतीलाइ सामना गर्न सबै नेता र कार्यकर्ता चनाखो हुनपर्ने र प्रचारकार्यलाई थप प्रभावकारी बनाईनु पर्ने निर्णय गरिएको निर्वाचन परिचालनका प्रचार प्रमुख नवीन सिग्देलले बताएका छन् । उम्मेद्वार कार्यकर्ता र मतदाता समक्ष पुग्दा अत्यन्तै उत्साहप्रद रहेको र यसअघि सञ्चालित उम्मेद्वारसँग अगुवा कार्यकर्ता भेला १ सय दुई वडामा सम्पन्न भएको, निर्वाचन सम्पर्क कार्यलय वडा तहसम्म खोलेको, पार्टी र जनसंगठनमा निर्वाचन परिचालन कमिटी निर्माण भएको निर्वाचन परिचालन कमिटीका सचिव हिदम लामाले जानकारी दिए ।

बैठकमा निर्वाचन परिचालन मतदातासँगको जनसम्वाद, प्रचारप्रसार, स्वयम्सेवक परिचालन, आर्थिक व्यवस्थापन र घोषणापत्र निर्माणबारे छलफल भएको छ । बैठकमा केन्द्रीय सदस्य तथा प्रतिनिधि सभा १ नं. क्षेत्र निर्वाचन परिचालन संयोजक एकालाल श्रेष्ठ, २ नं. क्षेत्र निर्वाचन परिचालन सहसंयोजक राजाराम स्याङ्तान, केन्द्रीय लेखा आयोगका सदस्य तथा निर्वाचन प्रचारप्रसार संयोजक नवीन सिग्देल, प्रतिबद्धतापत्र तयार समिति संयोजक अनन्तप्रसाद पौडेल, आर्थिक व्यवस्थापन समिति संयोजक गोपाल श्रेष्ठलगायतले बैठकमा समिक्षात्मक रिपोर्टिङ गरेका थिए ।

केन्द्रीय सदस्य तथा जिल्ला निर्वाचन परिचालन समितिको संयोजक रामेश्वर रानाको अध्यक्षतामा बसेको बैठकमा निर्वाचन परिचालन समितिका अनुगमन समितिका संयोजक डोरमणि पौडेलले पार्टीले पार्टीप्रति विपक्षीले फैलाएको सबै भ्रमलाई मतदाताको बीच चिर्दै राष्ट्रियरुपमा लोकतन्त्र स्थापना गर्न खेलेको योगदान, संविधान जारी गर्न र मुलुकमा शान्ति स्थापना, मुलुकमा विकास र समृद्धिको लागि खेलेको भूमिकाबारे जनतामा प्रभावकारी रुपमा लैजान सबै नेता र कार्यकर्ता एकजुट भएर लाग्न निर्देशनात्मक मन्तव्य राखेका थिए ।

बागमती प्रदेशसभा कानुन निर्माणमा कमजोर

# ८ वर्षमा ९० वटा विधेयक पारित



साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/ संघीयता कार्यान्वयनको ८ वर्षको अवधिमा बागमती प्रदेशसभा कानून निर्माणमा कमजोर देखिएको छ । बागमती प्रदेशसभामा आठ वर्षको अवधिमा ९३ वटा विधेयक दर्ता भएका छन् ।

तीमध्ये पहिलो प्रदेश सभाको पहिलो कार्यकालमा ६९ वटा र दोस्रो कार्यकालमा हालसम्म २४ वटा विधेयक दर्ता भएका थिए । प्रदेशसभाबाट हालसम्म ९० वटा विधेयक पारित भएका छन् । तीमध्ये ८९ वटा विधेयक प्रदेश राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएको प्रदेशसभाका कानून अधिकृत तथा प्रवक्ता प्रकाश चापागाईंले जानकारी दिए । प्रदेशस्तरीय चिठ्ठा व्यवस्थापन तथा नियन्त्रणसम्बन्धी विधेयक संसद्बाट पारित भएपनि प्रदेशप्रमुखबाट प्रमाणीकरण नभएकाले कार्यान्वयनमा आउन सकेको छैन ।

यो विधेयक पुन: प्रदेशसभामै फिर्ताभई विचाराधीन अवस्थामा रहेको प्रदेशसभा सचिवालयले जनाएको छ । यसका अतिरिक्त एउटा विधेयक समितिमा तथा एउटा सभामा विचाराधीन अवस्थामा रहेको छ । यस्तै प्रदेशसभाबाट ५० मूल ऐन पारित भएका र २१ संशोधन पारित भएका प्रवक्ता चापागाईले बताए । प्रदेश सभामा दर्ता भएका १४ अध्यादेशमध्ये शतप्रतिशत स्वीकृत भएको र सातवटा प्रतिस्थापन तथा पाँचवटा निष्क्रिय भएको छ । पछिल्लोपटक प्रदेशसभामा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दर्ता भएको छ ।

प्रदेश सरकार सञ्चालन गर्न आवश्यक अधिकांश ऐन कानुन प्रदेश सरकारले निर्माण गरिसकेको अन्य कतिपय ऐन, अध्यादेश, विनियमावली निर्माण क्रममा रहेका प्रवक्ता चापागाईले बताए । प्रदेश सरकार नै ऐन निर्माणमा उदासीन देखिएको प्रमुख प्रतिपक्षीको भनाइ छ । प्रमुख प्रतिपक्षी दल नपाली कम्युनिष्ट पार्टी नेकपाका संसदीय दलका नेता शालिकराम जम्कट्टेलले प्रदेश सरकारको नेतृत्व गर्ने दलले नै प्रदेशसभालाई नेतृत्वविहीन बनाएको आरोप लगाए । बागमती प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईंले जेनजी आन्दोलनपछि प्रदेशसभा बैठक बस्न नसके पनि विषयगत समितिहरु भने सक्रिय रहेको दाबी गरिन् ।

आवश्यकताअनुसार कानून निर्माण गरिने भन्दै उनले पहिलो कार्यकालमा बनेका कानूनलाई व्यवस्थितरुपमा दोस्रो कार्यकालमा कार्यान्वयनमा लैजाने काम भइरहेको जिकिर गरिन् ।

बागमती प्रदेशसभाको दोस्रो कार्यकालमा पाँचौं अधिवेशनमा ६ वटा तथा छैटौं अधिवेशनमा २४ वटा बैठक सम्पन्न भएका छन् । १ सय १० सदस्यीय प्रदेशसभामा प्रतिनिधिसभा निर्वाचनमा सहभागी हुन ६ जना सांसदले राजीनामा दिएपछि हाल सदस्य संख्या १०४ रहेको छ । सभामुख भुवनकुमार पाठकले राजीनामा दिएपछि सभामुख पद हाल रिक्त रहेको छ । विगत पाँच महिनादेखि प्रदेशसभा बैठक बस्न सकेको छैन । भदौ १७ गतेयता प्रदेशसभा ठप्प रहेको छ । यसबीच मन्त्रिपरिषद्को सिफारिसमा मंसिर ३ गते मध्यराति १२ बजेदेखि वर्षे अधिवेशन अन्त्य गरिएको थियो ।

# मकवानपुरसहित ६७ जिल्लाको मतपत्र छपाई सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ३ फागुन/ आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६७ जिल्लाका १५५ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ बनाएर ढुवानीका लागि तयारी अवस्थामा राखिएको निर्वाचन आयोगले जनाएको छ ।

आजसम्म एक करोड ९१ लाख २४ हजार मतपत्र छपाइ भएर ढुवानी गर्न तयारी अवस्थामा राखिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए । बाँकी १० जिल्लाको मतपत्र छपाइ भएको छ भने प्याकिङ बाँकी रहेको उनले बताए । अब ११ लाख ९९ हजार मतपत्रमात्र छाप्न बाँकी रहेको छ । शनिबारसम्म ६६ जिल्लाको मतपत्र छपाइ सकी प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको थियो । आइतबार थप एक जिल्लाको मतपत्र छपाइ सकी प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ ।

अब काठमाडौं उपत्यका वरपरका जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको जनाइएको छ । अब दुईदिनमा मतपत्र छपाइ सकेर प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिने जनाइएको छ । हालसम्म १७ हजार ७२८ बाकस मतपत्र प्याकिङ भइसकेको छ । हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र ११ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनकशिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो । पहिलोचरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइएको आयोगले जनाएको छ ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरुगरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ । प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ । माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणाली तर्फको मतपत्र छपाइ सुरु भएको हो । छपाइ भएको मतपत्र शुक्रबारदेखि आयोगले पठाउन सुरु गरेको थियो ।


## नयाँ रेष्टुरेन्ट खोल्दै हुनुहुन्छ ?

यो सुनौलो अवसर नछुटाउनुहोस्

चालु अवस्थामा रहेको रेष्टुरेन्टका सम्पूर्ण सामानहरु अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् । भान्सा सामग्री, फर्निचर तथा रेष्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरु एकै ठाउँमा ।

नयाँ रेष्टुरेन्ट सुरु गर्ने वा अपग्रेड गर्नेहरुका लागि उत्तम मौका।

सम्पर्क: ९८५१०२४८६८



## निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं ।

- गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन ।
- कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स-एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन ।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन ।
- निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन ।
- एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्ध कुनैपनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन ।
- निर्वाचन आचारसंहिता उल्लंघन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन बोर्डमा उजुरी गरौं ।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना